# राष्ट्रिय मानव अधिकार आयोग

## गण्डकी प्रदेश कार्यालय, पोखरा


**केन्द्रीय कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर

फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)

फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

**कोशी प्रदेश कार्यालय, विराटनगर**

फोन : ०२१-५१२९३१, ५९०९९३, फ्याक्स : ०२१-५१११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**

फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५

ई-मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौडा**

फोन : ०५७-५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११

ई-मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

फोन : ०६१–५८६०५९/५८६०८१, ९८५६०२६९७७, फ्याक्स : ०६१–५३५८७५

ई-मेल : nhrcpkr@nhrcnepal.org or nhrcpkr@gmail.com

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**

फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbtl@nhrcnepl.org

**कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत**

फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४

ई-मेल : nhrcskt@nhrcnepal.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**

फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

**कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल**

फोन : ०३६-४२०२८४

ई-मेल : nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**

फोन : ०८१-५३६७०७, ५३६७०८, फ्याक्स,०८१-५३६७०६

ई-मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org


"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको

# वार्षिक गतिविधि पुस्तिका

## २०८०/८१


राष्ट्रिय मानव अधिकार आयोग

गण्डकी प्रदेश कार्यालय, पोखरा

“जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र समृद्धिको आधार”

# वार्षिक गतिविधि पुस्तिका

## आ.व. २०८०/८१

# राष्ट्रिय मानव अधिकार आयोग

## गण्डकी प्रदेश कार्यालय, पोखरा

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय डा.सूर्यप्रसाद शर्मा ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

**सचिव**

मुरारिप्रसाद खरेल

**सल्लाहकार** : माया देवी शर्मा, उपसचिव

**संयोजन** : टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत

**लेखन/सम्पादन** : खिमलाल सुवेदी, मानव अधिकार अधिकृत
मोहन काफ्ले, मानव अधिकार अधिकृत
सरोज गौली, मानव अधिकार अधिकृत

**व्यवस्थापन** : सागर पोखरेल, लेखा अधिकृत
विनोद परियार, नायव सुब्बा
मुकेश घिमिरे, नायव सुब्बा
उत्तम राउत, सूचना प्रविधि सहायक

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**प्रकाशन मिति** : असार, २०८१

**संस्करण** : **चौथो**

**प्रति** : **४००**

**© सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा

*© आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।*

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**पुल्चोक, ललितपुर, (Pulchowk, Lalitpur, Nepal)**


## मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धन गर्नु राज्यको दायित्व हो । नेपालको संविधान र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्बाधरुपमा उपभोग गर्न पाउनु पर्दछ । नेपालको संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु आयोगको संवैधानिक कर्तव्य हो । राज्यले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्नुपर्ने दायित्वबाट विमुख हुन गएको अवस्थामा मानव अधिकार संरक्षणको सवालमा राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन आयोग सदैव क्रियाशिल रहँदै आएको छ । मानव अधिकार संस्कृतिको विकास, लोकतन्त्रको संरक्षण तथा कानुनी शासनका लागि मानव अधिकारको क्षेत्रमा कार्यरत सबै सरकारी तथा गैरसरकारी निकायहरूको सामूहिक प्रयास आजको आवश्यकता हो ।

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले मानव अधिकारको संरक्षण र संवर्धन गर्न वार्षिक रुपमा सम्पादन गरेका गतिविधिहरूलाई समेटी वार्षिक गतिविधि पुस्तिका (२०८०/८१) प्रकाशन गरेकोमा खुशी लागेको छ । आयोगको छैठौं रणनीतिक योजनाले **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र संवृद्धिको आधार"** भन्ने दुरदृष्टिलाई अवलम्बन गरेको छ । यसबाट कानूनी शासनको प्रत्याभूत भई नागरिकको मानव अधिकार संरक्षणको साथै समग्रमा मानव अधिकारको सम्मान हुन सक्दछ ।

अन्त्यमा, यस प्रकाशनले आयोगको गण्डकी प्रदेश कार्यालयले सम्पादन गरेका समग्र गतिविधि र प्रदेशको मानव अधिकार अवस्था चित्रण गर्नुका साथै मानव अधिकारका विषयमा सम्बन्धित सरोकारवाला सबैमा सुसूचित हुन सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएको छु । यस वार्षिक गतिविधि पुस्तिका तयारीका साथै प्रकाशनमा संलग्न आयोगको गण्डकी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहित सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

असार, २०८१

तप बहादुर मगर
अध्यक्ष

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)**

## मन्तव्य

मानव अधिकार मानिस भएकै कारण सबै मानिसलाई बिना भेदभाव समान रुपमा प्राप्त हुने विषय हो । मानव अधिकार बिना देशमा कानूनी शासनका साथै सभ्य तथा मर्यादित समाज सहितको मानव जीवनको कल्पना गर्न सकिदैन । मानव अधिकारको संरक्षण, सवर्धन र परिपालना गर्नु राज्यको प्रमुख दायित्व रहन्छ । आफ्नो दायित्व निर्वाह गर्ने क्रममा जिम्मेवारी वहन नगरेमा राज्यलाई जवाफदेही बनाउने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका गतिविधिहरूलाई देशको सबै क्षेत्र, तह र तप्कामा पुऱ्याउने उद्देश्यले वि.स. २०६२ सालमा आयोगको पोखरा कार्यालय स्थापना गरिएको थियो । देशमा सशस्त्र द्वन्द्व चलिरहेको समयदेखि यस क्षेत्रका नागरिकको मानव अधिकार संरक्षण र संवर्धनका लागि आफ्ना गतिविधिहरूलाई कार्यालयले निरन्तरता दिदै आएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले एक वर्षको अवधिमा सम्पन्न गरेका मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी कार्यहरूलाई समेटेर पुस्तिका प्रकाशन गरेकोमा खुशी व्यक्त गर्दछु ।

यस गतिविधि पुस्तिकाले मानव अधिकारको संरक्षण र संवर्धनका लागि यस प्रदेशमा गर्नुपर्ने थप प्रयासको समेत उजागर गरेकोले यसबाट राज्यका सम्वद्ध निकायहरूका अतिरिक्त मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, अनुसन्धानकर्ता, विद्यार्थी, आम नागरिक समेत लाभान्वित हुनेछन भन्नेमा म विश्वस्त छु ।

अन्त्यमा, गतिविधि पुस्तिका प्रकाशनमा संलग्न रहनु भएका गण्डकी प्रदेश कार्यालय, पोखराका कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

असार, २०८१

मुरारिप्रसाद खरेल
सचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराले वार्षिक योजना अनुरुप सम्पन्न गरेका मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी कार्यहरूलाई समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्दै आएको छ । आ.व. २०८०/८१ मा यस कार्यालयबाट सम्पादन भएका गतिविधिहरूलाई समावेश गरी यो पुस्तिका प्रकाशनमा ल्याइएको छ । मानव अधिकार संरक्षण र संवर्धनका क्रियाकलापहरूलाई राज्यका सबै भौगोलिक क्षेत्र, वर्ग र समुदायमा पुऱ्याउने उद्देश्यले वि.सं. २०६२ वैशाख २१ गते स्थापना भएको आयोगको पोखरा कार्यालय निरन्तर क्रियाशील रहेको छ । आयोगले छैठौं रणनीतिक योजना (२०२१-२०२६) **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र संवृद्धिको आधार"** भन्ने दुरदृष्टिलाई आत्मसात् गरी मानव अधिकारको संरक्षण, संवर्धन र सोको सुनिश्चितताको लागि संवैधानिक कार्यादेश बमोजिम कार्य गर्दै आइरहेको छ ।

यस कार्यालयको वार्षिक कार्ययोजना बमोजिम लमजुङ, पर्वत, म्याग्दी, स्याङ्जा, गोरखा, तनहुँ, बागलुङ र कास्की जिल्लामा अनिवार्य, नि:शुल्क तथा गुणस्तरीय आधारभूत शिक्षाको अधिकार, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार कार्यान्वयन अवस्था, आप्रवासी कामदार र मानव वेचबिखन, विश्वव्यापी आवधिक समीक्षा, पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना, दिगो विकास लक्ष्य र सन्धि जनित समितिबाट प्राप्त सिफारिसहरूको कार्यान्वयन अवस्था, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारको अवस्था अनुगमन र केही जिल्लाको समग्र मानव अधिकार अवस्थाबारे आकस्मिक अनुगमन र कार्यालयमा दर्ता हुन आएका उजुरी तथा निवेदनहरू, उपलब्ध गराइएको परामर्श सेवा आदिलाई अध्ययन गर्दा यस प्रदेशको मानव अधिकारको अवस्थामा अपेक्षित रुपमा सुधार गर्नलाई सरोकारवालाहरूले थप प्रयास गर्नुपर्ने देखिन्छ ।

यस प्रदेशको मानव अधिकार अवस्थामा सुधार ल्याउन, मानव अधिकार संस्कृतिको विकास गर्न, कानूनी शासनको पालना गरी दण्डहीनताको अन्त्य गर्न राष्ट्रिय कानूनहरू, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी दस्तावेज, नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन र आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयनका लागि सरोकारवाला सम्बद्ध पक्षहरू बीच समन्वय र सहकार्यको माध्यमबाट प्रभावकारी भूमिका निर्वाह गर्नमा यस पुस्तिकाबाट मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, गतिविधि पुस्तिका प्रकाशनको संयोजन गर्नुहुने मानव अधिकार अधिकृत टंकप्रसाद खनाल तथा लेखन/सम्पादनमा संलग्न हुनुहुने मानव अधिकार अधिकृतहरू खिमलाल सुवेदी, मोहन काफ्ले, सरोज गौलीका साथै व्यवस्थापन गर्नुहुने लेखा अधिकृत सागर पोखरेल, सहायक प्रथमहरू विनोद परियार, मुकेश घिमिरे, उत्तम राउत लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

असार, २०८१

..................

**माया देवी शर्मा**
उपसचिव/कार्यालय प्रमुख

# विषय सूची

## परिच्छेद १


| | |
|---|---|
| १. पृष्ठभूमि, काम, कर्तव्य, अधिकार र संगठन संरचना | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.३. संगठनात्मक संरचना | ४ |
| १.३.१ कुल दरबन्दी र कार्यरत संख्या | ४ |
| १.३.२ कार्यरत कर्मचारीहरू | ५ |
| १.३.३ शाखा/पद र जिम्मेवारी | ५ |


## परिच्छेद २


| | |
|---|---|
| २. गण्डकी प्रदेश कार्यालयद्वारा सम्पादित कार्यहरू | ९ |
| २.१. संरक्षण सम्बन्धी कार्यहरू | ९ |
| २.१.१ उजुरी ग्रहण | ९ |
| २.१.२ यस आ.व.मा कार्यालयमा दर्ता हुन आएका उजुरीहरूको विवरण | ९ |
| २.१.३ परामर्श सेवा | ९ |
| २.१.४ अनुसन्धान | १० |
| २.१.५ आयोगबाट भएका निर्णयहरूको विवरण | १० |
| २.२. अनुगमन | ११ |
| २.३. प्रवर्द्धनात्मक कार्यक्रम | १२ |
| २.४ आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण | १३ |
| २.५ सञ्चार माध्यमहरूमा सहभागिता | १४ |
| २.६. अन्य निकायले सञ्चालन गरेको तालिम/कार्यक्रममा सहभागिता | १५ |
| २.७. अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रूपमा सहभागिता | २४ |
| २.८ प्रशासनिक कार्यहरू | २६ |
| २.९ कर्मचारी बैठक | २७ |
| २.१० खरिद इकाईको गठन | २७ |
| २.११ आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन | २८ |
| २.१२ लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति गठन | २८ |
| २.१३ अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि कार्य समूहको गठन | २८ |
| २.१४ समन्वय र सहकार्य | २९ |
| २.१५ इन्टर्नसीप | २९ |
| २.१६ विद्यार्थीहरूको आयोगमा भ्रमण | २९ |


## परिच्छेद ३


| | |
|---|---|
| ३. गण्डकी प्रदेशको मानव अधिकारको अवस्था | ३० |
| ३.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था | ३० |
| ३.१.१ जीवनको अधिकार (सम्मानपूर्वक बाँच्न पाउने अधिकार) को अवस्था | ३० |

| | | |
|---|---|---|
| ३.१.२ | विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारको अवस्था | ३१ |
| ३.१.३ | कैदी-बन्दीहरूको अधिकारको अवस्था | ३१ |
| ३.२ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था | ३२ |
| ३.२.१ | उपभोक्ता अधिकारको अवस्था | ३२ |
| ३.२.२ | स्वास्थ्यको अधिकारको अवस्था | ३३ |
| ३.२.३ | शिक्षाको अधिकारको अवस्था | ३४ |
| ३.२.४ | वातावरण र विकासको अधिकारको अवस्था | ३५ |
| ३.३ | महिला अधिकार | ३६ |
| ३.४ | बालबालिकाको अधिकार | ३७ |
| ३.५ | यातना विरूद्धको अधिकार | ३८ |
| ३.६ | बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार र सङ्क्रमणकालीन न्यायको अवस्था | ३९ |
| ३.७ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार | ४० |
| ३.८ | जातिय भेदभाव विरूद्वको अधिकारको अवस्था | ४२ |
| ३.९ | आप्रवासी कामदारहरूको अधिकार | ४२ |
| ३.१० | आदिवासी जनजातिहरूको अधिकार | ४४ |
| ३.११ | ज्येष्ठ नागरिकको अधिकार | ४४ |
| ३.१२ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार | ४५ |
| ३.१३ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था | ४५ |
| ३.१४ | श्रमिकको मानव अधिकार अवस्था | ४७ |

**परिच्छेद ४**

| | | |
|---|---|---|
| ४. | आयोगका प्रमुख गतिविधिहरू | ४९-५६ |

**परिच्छेद ५**

| | | |
|---|---|---|
| ५. | उपलब्धि, चुनौती र समाधानका उपायहरू | ५७ |
| ५.१ | उपलब्धिहरू | ५७ |
| ५.२ | चुनौती/समस्याहरू | ५८ |
| ५.२.१ | संस्थागत चुनौती/समस्याहरू | ५८ |
| ५.२.२ | मानव अधिकारसँग सम्बन्धित चुनौती/समस्याहरू | ५८ |
| ५.३. | समस्या/चुनौती समाधानका सम्भावित उपायहरू | ५९ |

**अनुसूचीहरू**

| | | |
|---|---|---|
| अनुसूची १: | राष्ट्रिय मानवअधिकार आयोगको पोखरा कार्यालय स्थापना (२०६२ वैशाख २१ ) पश्चात् यस कार्यालयमा दर्ता हुन आएका उजुरीको विवरण | ६० |
| अनुसूची २: | निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएका उजुरी संख्या | ६१ |
| अनुसूची ३ | जिल्लागत तथा विषयगत उजुरी विवरण | ६२ |
| अनुसूची ४ | खर्चको फाँटवारी | ६३ |
| अनुसूची ५: | आयोगका विभिन्न सञ्चारमाध्यमा प्रकाशित समाचारहरू | ६४ |
| अनुसूची ६: | आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराबाट सम्पादित कार्यहरूको झलक | ६५-६८ |

## गण्डकी प्रदेश कार्यालय पोखराको आ.व. २०८०/८१ को वार्षिक गतिविधि सार संक्षेपमा

| क्र.सं | कामको प्रकृति | संख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | **मानव अधिकार संरक्षण** | | | |
| १.१ | उजुरी | आ.व. २०८०/८१ मा ४ वटा उजुरी दर्ता भएका छन्। अनुसन्धान जारी रहेका बाँकी उजुरी संख्या १३७ रहेका छन्। | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरूद्धको अधिकार<br>महिला हिंसा विरूद्धको अधिकार<br>बाल अधिकार<br>जातीय भेदभाव विरूद्धको अधिकार<br>अपाङ्गता भएका व्यक्तिको अधिकार<br>बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार<br>आप्रवासी कामदारको अधिकार<br>न्याय प्रशासन<br>अन्य अधिकार | सबै उजुरी उपर अनुसन्धान कार्य जारी रहेको |
| १.२ | अनुसन्धान सम्पन्न | २५ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरूद्धको अधिकार<br>बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार<br>महिला अधिकार<br>अपाङ्गता भएका व्यक्तिको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन | |
| १.३ | परामर्श र सुझाव | ३५ | महिला हिंसा, न्याय प्रशासन, वातावरण, बाल अधिकार, स्वास्थ्य अधिकार, मानसिक स्वास्थ्य लगायत | |
| १.४ | निर्णयको लागि केन्द्रीय कार्यालयमा पठाएको | १३ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा संस्कृतिक अधिकार<br>यातना विरूद्धको अधिकार<br>महिला हिंसा विरूद्धको अधिकार<br>बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन लगायत | |
| १.५ | आयोगबाट भएको निर्णय | ४६ | उजुरीगत, तामेली, खारेजी र पुनःपेश गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| १.६ | अनुगमन (नियमित तथा आकस्मिक) | ११ | UPR/NHRAP/SDGs/Treaty body को सिफारिसको कार्यान्वयन अवस्था<br>अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षा<br>हिरासत, कारागार, बालसुधार गृह<br>छुवाछुत तथा जातिय भेदभाव विरूद्धको अधिकार<br>आप्रवासी कामदार र मानव बेचबिखन सम्बन्धमा<br>स्वास्थ्यको अधिकार<br>यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको अधिकार | |
| **२** | **प्रवर्द्धनात्मक कार्य** | | | |
| २.१ | समन्वय र सहकार्यमा सम्पन्न कार्यक्रम | ४ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा आयोजित प्रभातफेरि कार्यक्रम, रक्तदान कार्यक्रम, मानव अधिकार रक्षकको विषयमा छलफल र दीप प्रज्वलन कार्यक्रम<br>मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | |
| २.२ | मानव अधिकार प्रवर्द्धन, दिवस तथा अन्य | २ | ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस<br>२४औं स्थापना दिवस, राष्ट्रिय मानव अधिकार आयोग | |
| २.३ | अन्य सरकारी तथा गैरसरकारी निकायहरूको कार्यक्रममा आयोगको उपस्थिती | ११५ पटक | प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, श्रोत व्यक्ति, सहभागीका रूपमा उपसचिव तथा मानव अधिकार अधिकृतहरूको सहभागिता रहने गरेको । | |
| २.४ | स्रोत व्यक्तिको रूपमा उपस्थिति | २० पटक | मानव अधिकार सम्बन्धी विभिन्न विषयमा | |
| ३ | समिति गठन | ४ वटा | खरिद इकाई, आयोगको छैटौं रणनीतिक योजना कार्यान्वयन समिति, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति र अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि प्रदेश स्तरीय कार्य समूह | |
| ४ | कर्मचारी बैठक | १० पटक | कार्यालयको दैनिक प्रशासन, अनुगमन, अनुसन्धान, समीक्षा कार्यक्रम | |
| ५ | मानव संसाधन (कर्मचारी ) | १८ | १ वटा पद रिक्त रहेको । | |

# १. पृष्ठभूमि, काम, कर्तव्य, अधिकार र संगठन संरचना

## १.१ पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भएको मानिए पनि मानव सभ्यताको सुरूआतसँगै मानिससँग जोडिएका विषयहरूको बारेमा अप्रत्यक्षतः चर्चा भएको पाइन्छ । मानव अधिकार शब्दावली समावेश नभए पनि वेद, उपनिषद लगायतका प्राचिन ग्रन्थहरूमा पनि मानिसका अधिकार र कर्तव्यको बारेमा उल्लेख गरिएको पाइन्छ। मानव इतिहासलाई हेर्ने हो भने मानिसले आफ्नो अस्तित्व रक्षाको लागि सङ्घर्षरत रहेको पाइन्छ। विभिन्न समयमा शासक र शासित, मालिक र मजदुर, देश-देशबीचको विवाद, युद्ध/विश्वयुद्ध हुँदै आएको छ । विवाद/युद्धको शान्तिपूर्ण समाधानको लागि सन्धि/सम्झौताको माध्यमबाट अगाडि बढ्दै विश्व आजको अवस्थामा आइपुगको छ । विशेषत दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ (संरास) को स्थापना भएको र सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भए पश्चात मानव अधिकारको विषय विश्वव्यापी बन्न पुगेको हो । त्यसपछि संरासबाट संयन्त्र निर्माण गरी विषयगत रूपमा मानव अधिकारसम्बन्धी घोषणापत्र, महासन्धि, इच्छाधिन आलेख प्रस्ताव आदि निर्माणको क्रम तीव्र गतिमा अगाडि बढ्न पुग्यो । संरासका सदस्य राष्ट्रहरू पनि महासन्धिको पक्षराष्ट्र बन्ने क्रम क्रमशः वृद्धि हुँदै जान थाल्यो, जुन क्रम अहिले पनि निरन्तर छ ।

नेपालको सन्दर्भलाई हेर्ने हो भने अधिकार र कर्तव्यका विषय पनि प्राचीनकालदेखि कुनै न कुनै रूपमा उठ्दै आएका थिए र उठिरहेका छन् । संवैधानिक रूपमा मानव अधिकारको सवाललाई नेपाल सरकार वैधानिक कानून २००४ (लागु हुन नसकेको) बाट यसको सम्बोधन भएको मान्न सकिन्छ । नेपालको अन्तरिम विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ मा मौलिक हकका रूपमा मानव अधिकारसँग प्रत्यक्ष/अप्रत्यक्ष जोडिएका कतिपय मुद्दालाई स्थान दिएको पाइन्छ । वि.स. २०१७ को राजनीतिक परिवर्तन पछि मानव अधिकारको सवालहरू ओझेलमा परे । वि.स. २०१९ मा जारी संविधानमा मौलिक हकसम्बन्धी व्यवस्था गरिए पनि व्यवहारमा लागू हुन सकेन, राजनीतिक दलहरू पनि प्रतिवन्धित भए । यसका बावजुद् पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएको पाइन्छ । यसबाट मानव अधिकारको संरक्षण र संवर्धनमा एक हदसम्म टेवा पुगेको थियो । यस अवधिमा प्रजातन्त्र र मानव अधिकारका लागि भनी राजनीतिक दल, तिनका भातृ सङ्गठन, पेशागत र व्यवसायिक सङ्घ-सङ्गठनहरूबाट विभिन्न स्वरूपमा आन्दोलनहरू भएको पाइन्छ। वि.स. २०४६ को जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्यपछि मुलुक खुला परिवेशमा प्रवेश गर्न पुग्यो । वि.स. २०४७ कार्तिक २३ मा जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावली समावेश गरियो । नेपालको अन्तरिम संविधान, २०६३ र मौजुदा संविधानमा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लिखित राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा अदालतको असाधारण क्षेत्राधिकारमार्फत न्यायिक उपचार प्राप्तिको स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ । यसको साथै संविधानमा नै नागरिकका कर्तव्य

समेतलाई किटान गरिएको छ । सन् १९४६ देखि नै संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको आवश्यकताको सम्बन्धमा विभिन्न तह र चरणमा छलफल सम्पन्न भएको थियो । अन्ततः निकै लामो प्रयत्नपछि सन् १९९१ को संयुक्त राष्ट्रसङ्घको आह्वानमा पेरिसमा सम्पन्न बृहत् अन्तर्राष्ट्रिय सम्मेलनले मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको क्षेत्राधिकार तथा दक्षतासहितको स्थापनार्थ यस मुद्दालाई सन् १९९३ को महासभाले मूर्तरूप दियो । सम्मेलन मार्फत सदस्य राष्ट्रहरूलाई राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी संस्थाहरू स्थापनाको लागि विशेष आग्रह गरिएको थियो । त्यस प्रकृतिका संस्थाहरूको चरित्र स्वतन्त्र, स्वायत्त, सक्षम, बहुलतामा आधारित हुनुपर्ने लगायतका प्रावधान समावेश गरिएको थियो, जसलाई पेरिस सिद्धान्त पनि भनिन्छ । वि.स. २०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात् मानव अधिकारसम्बन्धी चर्चा-परिचर्चा भए पनि राज्यको तहमा राष्ट्रिय संस्थाको स्थापना सम्बन्धी मुद्दा प्राथमिकतामा पर्न सकेन । विशेषत अधिकारकर्मी, कानून-व्यावसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत संघ संस्थाहरू मानव अधिकार आयोग स्थापनार्थ सक्रिय हुन पुगे । मुद्दामा केन्द्रित रही बहस, छलफल, अन्तरक्रियाको साथै दबाबमूलक कार्यक्रमहरूसमेत आयोजना हुन थाले । अन्ततः तत्कालीन प्रतिनिधिसभाका माननीय सदस्यबाट पेस भएको निजी (प्राइभेट) विधेयकले ऐनको रूपमा आएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । सरकारी उदाशीनताको कारण ऐन जारी भएको करिब ४ वर्षसम्म पनि आयोग गठन हुन सकेन । शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमको खबरदारी, अन्तर्राष्ट्रिय समुदायको चासो, सरोकार दबाब निरन्तर चली नै रह्यो । विविध प्रयत्नका बावजुद् पनि आयोग स्थापना हुन नसकेपछि आयोग गठनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट दर्ता भई आयोग गठनको लागि परमादेश जारी भयो । अन्ततः २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुन पुग्यो । मानव अधिकार आयोग ऐन २०५३ द्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो । नेपालको संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी नियुक्ति र कार्यादेश तोकिएको छ ।[1]

आयोगको स्थापनासँगै तत्कालिन क्षेत्रीयस्तरमा समेत मानव अधिकार संरक्षण, संवर्धनको क्षेत्रमा आयोगको पहुँच विस्तारका लागि २०६२ साल वैशाख २१ गते पोखरामा आयोगको क्षेत्रीय कार्यालय स्थापना भएको थियो । हाल आयोगको यस कार्यालय गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लामा मानव अधिकारको संरक्षण र संवर्धन सम्बन्धी कार्यमा निरन्तर क्रियाशील रहेको  छ । आयोगले तर्जुमा गरेको छैटौं रणनीतिक योजना (२०२१-२०२६) ले “जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र संवृद्धिको आधार” भन्ने अवधारणालाई स्थानीय तहसम्म पुरयाउन सदैव सरोकारवालासँग समन्वय र सहकार्य गर्दै अगाडि बढेको छ ।

## १.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व सुम्पिएको छ । मानव अधिकारको संवर्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रहि राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रही आयोगबाट मानव अधिकार संरक्षण/संवर्धन, मानव अधिकारमैत्री कानून लगायतका कार्यमा केन्द्रित हुदै आएको छ । संरक्षणअन्तर्गत उजुरी ग्रहण, अनुगमन, उजुरीमाथि अनुसन्धान, मानव अधिकार

---

१ https://www.nhrcnepal.org/uploads/publication/Summary_annural_report_2079.pdf

उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिस लगायतका कार्यहरू हुने गर्दछन् । मानव अधिकारको संवर्धनका सम्बन्धमा आयोगबाट एकल र संघ संस्थाहरूको सहकार्यमा पनि कार्यक्रमहरू सम्पादन गरिन्छ । सहकार्य अर्न्तगत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा आवश्यकता एवम् विषयवस्तुको गाम्भीर्यताको आधारमा समेत कार्यक्रमहरू सम्पन्न भएका छन् । यसमा सचेतना अभिवृद्धि, छलफल, बैठक, तालिम, प्रशिक्षण, गोष्ठी तथा सभा-सम्मेलन, भ्रमण/अनुभव आदानप्रदान, प्रकाशन/प्रसारण, प्रेसविज्ञप्ति विधि अवलम्बन गरिन्छ । मानव अधिकारमैत्री कानून निर्माणमा पनि आयोगको भूमिका रहेको छ । मानव अधिकारसँग सम्बन्धित कानून निर्माण, पुनरावलोकन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिसहरू गर्ने दायित्व आयोगलाई रहेको छ ।[२]

नेपालको संविधानको धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । जसमा मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य पनि हो ।[३] त्यसको लागि आयोगले निम्न कार्यहरू गर्दै आईरहेको छ ।

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिन देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ख) कुनै व्यक्ति वा समुहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घन कर्तालाई बिभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्नुपर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाईएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।

---

२ उही पेज नं. ७

३ नेपालको संविधान, भाग १५ धारा २४९ ।

**राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ**[४]

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा वकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

## १.३.संगठनात्मक संरचना

### १.३.१ कुल दरबन्दी र कार्यरत संख्या

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराको भौगोलिक क्षेत्राधिकार अन्तर्गत कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट-सुस्तापूर्व), पर्वत, बागलुङ, म्याग्दी, मनाङ र मुस्ताङ गरी ११ जिल्लाहरू रहेका छन् । उक्त कार्यक्षेत्र भित्र रहेका जिल्लाहरूको मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन तथा मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान लगायत सवैधानिक र कानूनी कार्यादेश बमोजिमको कार्य गर्नको लागि १८ जनाको दरबन्दी व्यवस्था गरिएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखरामा हाल कार्यरत र रिक्त दरवन्दी तपसील बमोजिम रहेको छ ।

| क्र.सं | तह | पद | कुल दरबन्दी संख्या | हाल कार्यरत संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रथम श्रेणी | सहसचिव | १ | ० | १ | |
| २ | दोस्रो श्रेणी | उपसचिव | १ | १ | ० | |
| ३ | तेस्रो श्रेणी | मानव अधिकार अधिकृत र लेखा अधिकृत | ६ | ६ | ० | १ जना केन्द्रीय कार्यालय काजमा |
| ४ | सहायक प्रथम | नायव सुब्बा | ३ | ३ | ० | |
| ५ | श्रेणीविहिन | सवारी चालक | २ | १ | १ | |
| ६ | श्रेणीविहिन | कार्यालय सहयोगी | २ | २ | ० | |
| ७ | श्रेणीविहिन | सुरक्षा गार्ड | ३ | ३ | ० | १ जना कर्णाली प्रदेश कार्यालय काजमा |
| | | जम्मा | १८ | १६ | २ | |

४ नेपालको संविधानको धारा २४९ ।

### १.३.२ कार्यरत कर्मचारीहरू

| क्र.स. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | माया देवी शर्मा | उपसचिव | |
| २ | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत/सूचना अधिकारी | |
| ३ | मोहन काफ्ले | मानव अधिकार अधिकृत | |
| ४ | टंकप्रसाद खनाल | मानव अधिकार अधिकृत | |
| ५ | अनिता दुलाल | मानव अधिकार अधिकृत | केन्द्रीय कार्यालय काजमा |
| ६ | सरोज गौली | मानव अधिकार अधिकृत | |
| ७ | सागर पोखरेल | लेखा अधिकृत | |
| ८ | विनोद परियार | सहायक प्रथम (नायव सुब्बा) | |
| ९ | उत्तम राउत | सहायक प्रथम (सूचना प्रविधि सहायक) | |
| १० | मुकेश घिमिरे | सहायक प्रथम (नायव सुब्बा) | |
| ११ | हरि तामाङ | सवारी चालक | |
| १२ | देवु खवास | कार्यालय सहयोगी | |
| १३ | वीर बहादुर महतारा | कार्यालय सहयोगी | |
| १४ | दामोदर पौडेल | सुरक्षा गार्ड | |
| १५ | गौतम रणपाल | सुरक्षा गार्ड | |
| १६ | सिता चौधरी | सुरक्षा गार्ड | कर्णाली प्रदेश कार्यालय काजमा |

### १.३.३ शाखा/पद र जिम्मेवारी

| शाखा/पद | जिम्मेवारी |
|---|---|
| **कार्यालय प्रमुख** | - प्रशासनिक तथा आर्थिक क्रियाकलाप सञ्चालनको लागि अख्तियारी लिने खाता सञ्चालन गर्ने/गराउने ।<br>- उजुरी अनुसन्धान योजना बनाउने क्रममा सम्बन्धित अधिकृतलाई सुझाव दिने ।<br>- अनुसन्धान प्रक्रिया र प्रतिवेदन स्वीकार्य मापदण्ड अनुसार भए/नभएको जाँच गर्ने ।<br>- कार्ययोजना बमोजिम कार्य गर्न आवश्यक मार्गदर्शन गर्ने, मानव अधिकार अवस्थाको निरन्तर अनुगमनका साथै भैपरी आउने र आकस्मिक घटनाहरूको अनुगमन गर्ने गराउने ।<br>- उजुरीउपर अनुसन्धान सम्पन्न भैसकेको फाइलहरू आफ्नो राय सहितको टिप्पणी उठाई निर्णयको लागि केन्द्रीय कार्यालयमा पेश गर्ने । |

| शाखा/पद | जिम्मेवारी |
|---|---|
| | - मानव अधिकार संवर्धनात्मक गतिविधिहरू सञ्चालन गर्ने गराउने ।<br>- प्रदेश स्तरमा मानव अधिकार रक्षकहरू, मानव अधिकारका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूसँग सम्बन्ध विस्तार र सुदृढीकरणको लागि आवश्यक पहल गर्ने ।<br>- कार्यालयमा सञ्चालित सम्पूर्ण क्रियाकलाप र कार्यक्रमहरूको बारेमा पूर्ण रूपमा जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्ने ।<br>- सुपरीवेक्षण गरी सम्पूर्ण कर्मचारीहरूलाई आवश्यक दिशा निर्देशन गर्ने ।<br>- दैनिक तथा मासिक प्रतिवेदन तयार गर्न लगाई केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>- आवश्यकता अनुसार केन्द्रीय कार्यालय लगायत सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने गराउने । |
| **अनुसन्धान र अनुगमन शाखा** | - मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजुरी ग्रहण गर्ने ।<br>- मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान तथा अनुगमन गर्ने ।<br>- मानव अधिकार उल्लङ्घनका घटनाहरूमा सम्बन्धित निकायहरूमा पत्राचार, ताकेता, पुनः ताकेता गर्ने ।<br>- उजुरीहरूको अनुसन्धान सम्पन्न गरी निर्णय गर्नुभन्दा पूर्व अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा सम्बन्धित पक्षहरूलाई प्रतिक्रियाको लागि पत्राचार गर्ने ।<br>- अनुसन्धान सम्पन्न भैसकेको उजुरीउपर निर्णयको लागि कार्यालय प्रमुखसमक्ष राय तथा परामर्शको लागि उजुरी फाइलहरू पेश गर्ने ।<br>- मानव अधिकार प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्ने, आवश्यक समन्वय गर्ने आदि ।<br>- विभिन्न तालिम, गोष्ठी, अन्तरर्क्रियाहरूमा सहभागी भई मानव अधिकार संवर्धन र संरक्षणमा सघाउने ।<br>- विभिन्न घटना तथा मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन गर्ने । |
| **उजुरी शाखा** | - मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी ग्रहण गर्ने ।<br>- उजुरी कारवाही सम्बन्धी अन्य कार्यहरू गर्ने ।<br>- पीडितहरूलाई अन्य निकायको कार्यक्षेत्र अन्तर्गतका विषयबस्तुहरूको सन्दर्भमा सम्बन्धित निकायमा जानको लागि आवश्यक सहयोग एवम् परामर्श प्रदान गर्ने । |
| **सूचना अधिकारी** | - कार्यालयका प्रमुख क्रियाकलापहरूको अद्यावधिक गर्ने ।<br>- अद्यावधिक सूचनाहरू सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कुनै पनि निकाय वा व्यक्तिलाई उपलब्ध गराउने ।<br>- त्रैमासिक कार्यसम्पादन विवरण प्रकाशन गर्ने । |

| शाखा/पद | जिम्मेवारी |
|---|---|
| **प्रशासन शाखा** | - आवश्यक प्रशासनिक चिठीपत्रहरू तयार गर्ने र पठाउने ।<br>- अन्य शाखाहरूबाट माग भएका बस्तु र सेवाको उपलब्ध गराउन पहल गर्ने, आवश्यक समन्वय गर्ने ।<br>- जनशक्ति व्यवस्थापन (कर्मचारी सरूवा, पदपूर्ति र स्वीकृति सम्बन्धी कार्य) हरूको अभिलेख राख्ने ।<br>- कार्यालय व्यवस्थापन, दैनिक प्रशासनिक कार्यहरू सञ्चालन तथा कर्मचारीहरूको विदाको अभिलेखीकरण गर्ने ।<br>- सबै शाखाहरूबाट कार्यालयलाई आवश्यक पर्ने सामानहरूको विवरण माग गरी सामानहरूको खरिद प्रक्रिया अघि बढाउन समन्वय गर्ने ।<br>- चिठीपत्र दर्ता, चलानी र सम्बन्धित शाखामा बुझाउने व्यवस्था गर्ने ।<br>- रेकर्ड फाइल, चिठीको खाम, ब्रोसर्स लगायत विभिन्न सामग्रीहरूको प्रकाशन गर्ने प्रक्रियाको आवश्यक समन्वय गर्ने । |
| | - भण्डार शाखाको सञ्चालन र व्यवस्थापन गर्ने ।<br>- कर्मचारी बैठकको समन्वय गर्ने र माइन्यूट तयार गर्ने ।<br>- अतिथि सत्कारको लागि आवश्यक व्यवस्था गर्ने ।<br>- कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरूको रेकर्ड राख्ने, चेक जाँच गर्ने ।<br>- प्रशासनिक सुपरिवेक्षण गर्ने । |
| **आर्थिक प्रशासन शाखा** | - कार्यालय प्रमुखको निर्देशनमा रही खाता सञ्चालन गर्ने गराउने ।<br>- को.ले.नि.का.सँग समन्वय गर्ने ।<br>- कर्मचारीहरूलाई तलब भत्ता वितरण गरी अभिलेख राख्ने ।<br>- पेश्की दिने, फछ्र्यौट गर्ने तथा उक्त कार्य गर्दा आवश्यक कागजातहरू मिले नमिलेको चेकजाँच गरी सम्बन्धित अधिकारीलाई नपुग कागजातहरू माग गर्न सूचित गर्ने ।<br>- आन्तरीक तथा वाह्य लेखापरीक्षण कार्यमा समन्वय गर्ने ।<br>- कार्यालयको कामको शिलशीलामा रकम अभाव भए केन्द्रीय कार्यालयको आर्थिक व्यवस्थापन महाशाखासँग आवश्यक समन्वय गर्ने ।<br>- आर्थिक कारोवारको लेखा राख्ने ।<br>- आर्थिक अनुशासन कायम गर्ने ।<br>- वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरूबाट पर्न जाने वित्तीय असरको अभिलेखन गर्ने ।<br>- आर्थिक प्रतिवेदन तयार गरी पेश गर्ने । |

| शाखा/पद | जिम्मेवारी |
|---|---|
| **सूचना प्रविधि र मानव अधिकार स्रोत केन्द्र** | - आयोगको कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधिलाई चुस्त दुरूस्त राख्ने ।<br>- सूचना प्रविधि सम्बन्धी विषयमा सुझाव दिने ।<br>- सूचना प्रविधि उपकरणहरूको रेखदेख, सञ्चालन र संभारमा ध्यान दिने र आवश्यक समन्वय गर्ने ।<br>- मानव अधिकार स्रोत केन्द्र व्यवस्थापन गर्ने ।<br>- केन्द्रीय कार्यालयबाट प्राप्त भएका मानव अधिकार सम्बन्धी विभिन्न पाठ्यपुस्तकहरूको संरक्षण तथा अभिलेखन गर्ने ।<br>- प्रकाशनहरूको वितरण र पत्राचार गर्ने । |
| **सुरक्षा गार्ड कक्ष** | - कार्यालयको सुरक्षा गर्ने तथा सुरक्षा सजगता सम्बन्धी जानकारी दिने ।<br>- सुरक्षा स्थितिको समीक्षा गर्ने ।<br>- सुरक्षा सम्बन्धी सल्लाह सुझाव प्रदान गर्ने ।<br>- सुरक्षाका अन्य कामहरू सम्पादन गर्ने । |

# गण्डकी प्रदेश कार्यालयद्वारा सम्पादित कार्यहरू

## २.१.संरक्षण सम्बन्धी कार्यहरू

### २.१.१ उजुरी ग्रहण

आ.व. २०८०/८१ मा यस गण्डकी प्रदेश कार्यालयमा मानव अधिकार उल्लङ्घन भएको भनी ४ वटा उजुरीहरू दर्ता भएका छन् । यस आ.व. मा २५ वटा उजुरीहरू उपर अनुसन्धान सम्पन्न भएको छ भने गत आ.व.मा अनुसन्धान सम्पन्न भएका समेत गरी १३ वटा उजुरी फाइलहरू आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइएका छन् । यस कार्यालयमा स्थापनाकालदेखि यस आ.व.को अन्त्य सम्म ११०९ उजुरीहरू (विस्तृत विवरण अनुसूची १ मा राखिएको) दर्ता भएकोमा अनुसन्धान चालु अवस्थामा रहेका बाँकी उजुरीहरूको संख्या १३७ वटा रहेका छन् । (विस्तृत विवरण अनुसूची ३ मा राखिएको छ)

### २.१.२ यस आ.व.मा कार्यालयमा दर्ता हुन आएका उजुरीहरूको विवरण

| क्र.सं. | जिल्ला | घटना मिति | उजुरीको विषय |
|---|---|---|---|
| १ | तनहुँ | २०८०/०५/०३ | अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक भवन (सभागृह हल) पहुँच नभएको भन्ने सम्बन्धमा |
| २ | गोरखा | २०७५/०६/१४ | सडक विस्तारको क्रममा व्यक्तिको सम्पत्ति क्षति भएको विषयमा क्षतिपूर्ति उपलब्ध गराई पाउँ भन्ने सम्बन्धमा |
| ३ | स्याङ्जा | २०८१/०६/२१ | प्रहरी हिरासतमा कुटपिट तथा दुर्व्यवहार भएको भन्ने सम्बन्धमा |
| ४ | बागलुङ | २०८०/०९/२१ | पत्रकारमाथि प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार भएको भन्ने सम्बन्धमा |

### २.१.३ परामर्श सेवा

आयोगको क्षेत्राधिकारभित्र नपर्ने विषय समेत लिएर कतिपय व्यक्तिहरू कार्यालयमा आउने गरेका छन् । यसरी आएका व्यक्तिहरूलाई यस कार्यालयबाट उचित परामर्श दिई सम्बन्धित निकायमा कानूनी उपचारको लागि जान सल्लाह दिने गरिएको छ । यस अवधिमा ३५ जनालाई विभिन्न अन्य निकायमा गई न्यायिक उपचारको लागि परामर्श सेवा प्रदान गरिएको छ । घरेलु हिंसा, आर्थिक अभावमा उपचार समस्या भएको, सम्पत्तिको अधिकारबाट वञ्चित गरेको, बाबुले हेरविचार नगरेका कारण बालबच्चाको पालन पोषणमा समस्या भएको, श्रीमानले खान लाउन नदिएको र बेवास्ता गरेको, मानसिक स्वास्थ्यको विषय, ज्येष्ठ नागरिक माथि घरपरिवारबाट दुर्व्यवहार, दृष्टिविहिन व्यक्तिलाई छिमेकीहरूबाट दुर्व्यवहार, अदालतको आदेश कार्यान्वयन नभएको, न्याय प्रशासन जस्ता समस्या लिएर आउने व्यक्तिहरूलाई आवश्यक परामर्श दिई सम्बन्धित निकायमा कानूनी उपचारका लागि जान सल्लाह दिइएको थियो ।

### २.१.४ अनुसन्धान

यस आ.व.को वार्षिक कार्ययोजना बमोजिम विभिन्न मानव अधिकार उल्लङ्घनका विषयहरूमा २५ वटा उजुरीमा अनुसन्धान कार्य सम्पन्न भएको छ। विस्तृत विवरण यहाँ प्रस्तुत गरिएको छ।

| क.सं | अनुसन्धान मिति | उजुरीको विषय/अनुसन्धान सम्पन्न संख्या | जिल्ला | अनुसन्धान टोली |
|---|---|---|---|---|
| १. | २०८०/०६/१४ देखि २०८०/०६/२० | न्याय प्रशासन - १<br>सम्पत्ति कब्जा तथा विस्थापित - १<br>सुरक्षाकर्मीद्धारा प्रकाउ र वेपत्ता सम्बन्धमा - १<br>धम्की तथा यातना सम्बन्धी १<br>अज्ञात समूहबाट वेपत्ता पारिएको बारे - १ | बागलुङ | मानव अधिकार अधिकृतद्वय टंकप्रसाद खनाल र मोहन काफ्ले |
| २. | २०८०/०७/१९ देखि २५ सम्म | बाल अधिकार - १<br>न्याय प्रशासन - १<br>शिक्षाको अधिकार - १<br>अपाङ्गता भएका व्यक्तिको अधिकार - १<br>नागरिक तथा राजनीतिक अधिकार - १ | कास्की, तनहुँ | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ३. | २०८०/११/०६ देखि २०८/११/१२ | सम्पत्ति क्षति - २<br>सेनाबाट यातना - २<br>बाल अधिकार - १<br>प्रहरीबाट कुटपिट - १ | म्याग्दी, बागलुङ, | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ४. | २०८१/०१/३० देखि २०८१/०२/०५ | प्रहरीद्वारा कुटपिट, यातना - १<br>सेनाद्वारा बेपत्ता - १<br>मानव बेचबिखन मुद्दामा प्रहरीले प्रभावकारी अनुसन्धान नगरेको - १<br>सम्पत्ति कब्जा - १ | स्याङ्जा | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ५. | २०८१/०२/२० देखि २६ गतेसम्म | माओवादीबाट यातना - १<br>न्याय प्रशासन (हराएको) - २<br>राज्यबाट वेपत्ता - १<br>सम्पत्ति क्षती - १ | गोरखा, लमजुङ | मानव अधिकार अधिकृतद्वय टंकप्रसाद खनाल, सरोज गौली र नायव सुब्बा विनोद परियार |
| **जम्मा उजुरी अनुसन्धान** | | **२५ वटा** | | |

### २.१.५ आयोगबाट भएका निर्णयहरूको विवरण

यस कार्यालयबाट विभिन्न उजुरीहरू उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरी फाइलहरूमा यस आ.व.मा तपसील बमोजिम ४६ वटा उजुरी फाइलहरू उपर आयोगबाट निर्णय भएको छ।

**नीतिगत र उजुरीगत विवरण**

| कार्यालय | सिफारिस संख्या | | तामेली | खारेज | जम्मा फछ्र्यौट संख्या | पुनः पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| **गण्डकी प्रदेश, पोखरा** | ० | ७ | ३६ | १ | ४४ | २ | ४६ |

## २.२. अनुगमन

कार्यालयले यस आ.व.मा वार्षिक कार्ययोजनामा समावेश भएका तथा आकस्मिक समेत गरी विभिन्न विषयमा अनुगमन गरेको छ । अनुगमनको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | अनुगमन गरिएको जिल्ला | मिति | अनुगमन विषय | अनुगमन टोलीको नामावली |
|---|---|---|---|---|
| १ | कास्की | २०८०/०६/१० | मणिपाल शिक्षण अस्पतालमा सेवा अवरूद्ध भएको विषयमा गरिएको आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| २ | कास्की | २०८०/०६/११ | बाल सुधार गृह, कास्कीमा गरिएको आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ३ | कास्की | २०८०/०६/१४ | दृष्टिविहिन शिक्षिकाले पदस्थापनको माग गर्दै गरिएको अनसनको आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ४ | स्याङ्जा | २०८०/०६/२२ देखि २०८०/०६/२८ | स्याङ्जा जिल्लाको समग्र मानव अधिकार अवस्था अनुगमन | मानव अधिकार अधिकृत खिमलाल सुवेदी र नायव सुब्बा विनोद परियार |
| ५ | तनहुँ | २०८०/०९/०६ देखि २०८०/०९/१२ सम्म | जातिय छुवाछुत तथा भेदभाव विरूद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धी अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| ६ | म्याग्दी | मिति २०८०/१०/९ देखि २०८०/१०/१३ गते सम्म | जिल्लामा मानव अधिकार अवस्था आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |

| | | | | |
|---|---|---|---|---|
| ७ | लमजुङ | २०८०/१०/२२ देखि २०८०/१०/२८ गते सम्म | जिल्लामा अनिवार्य निशुल्क, गुणस्तरीय आधारभूत शिक्षाको अधिकार विषयक अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र खिमलाल सुवेदी र विनोद परियार नायव सुब्बा |
| ८ | पर्वत | २०८०/१२/०१ देखि २०८०/१२/०७ गते सम्म | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन तथा छलफल | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| ९ | गोरखा | २०८१/१/१२ देखि २०८१/१/१९ गते सम्म | आप्रवासी कामदारको अधिकार र अवस्था | मानव अधिकार अधिकृतहरू मोहन काफ्ले र टंकप्रसाद खनाल र सरोज गौली |
| १० | म्याग्दी | २०८१/०२/९ देखि २०८१/१/१५ गते सम्म | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन तथा छलफल | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले र उत्तम राउत, सूचना प्रविधि सहायक |
| ११ | पर्वत र बागलुङ | २०८१/०३/५ देखि २०८१/०३/११ गते सम्म | यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको विषयमा अुनगमन तथा छलफल | मानव अधिकार अधिकृतद्वय टंकप्रसाद खनाल र सरोज गौली र उत्तम राउत, सूचना प्रविधि सहायक |

## २.३. प्रवर्द्धनात्मक कार्यक्रम

| क्र.सं | जिल्ला/स्थान | मिति | कार्यक्रमको विषय | कार्यक्रमको आयोजक |
|---|---|---|---|---|
| १ | कास्की | २०८०/०८/२१ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी र राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| २ | कास्की | २०८०/०८/२४ | ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस प्रभात फेरी कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |

| | | | | |
|---|---|---|---|---|
| ३ | म्याग्दी | २०८०/१०/११ | मानव अधिकार अवस्था बारे छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ४ | लमजुङ | २०८०/१०/२२ | अनिवार्य निशुल्क, गुणस्तरिय आधारभूत शिक्षाको अधिकार विषयक छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ५ | पर्वत | २०८०/१२/०५ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ६ | गोरखा | २०८१/०१/१८ | आप्रवासी कामदारको अधिकार र अवस्था छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ७ | कास्की | २०८१/०२/१३ | राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिकोत्सव समारोह | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ८ | म्याग्दी | २०८१/०३/०१ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ९ | पर्वत | २०८१/०३/०८ | यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको विषयमा अनुगमन तथा छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |

## २.४ आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण

| क्र.सं | तालिम/बैठक/कार्यक्रम | सहभागी कर्मचारीको नाम र पद | तालिमको अवधि |
|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखाजोखा कार्यक्रम (जनकपुर) | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र खिमलाल सुवेदी | २०८०/०५/०७ देखि २०८०/०५/०९ |
| २ | School of Migration Studies | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०५/१७ देखि २०८०/०५/२९ |
| ३ | Online Course on Statelessness organized by Department of International Refugee Law and Migration Law | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०६/०९ देखि २०८०/०७/०२ |

| | | | |
|---|---|---|---|
| ४ | Online course on international Refugee Law organized by Department of International Refugee Law and Migration Law | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/१०/१५ देखि २०८०/११/११ |
| ५ | आयोगको गण्डकी प्रदेश कार्यालय र लुम्बिनी प्रदेश कार्यालयको अर्ध वार्षिक समीक्षा बैठक, पाल्पा | कार्यालय प्रमुख, अधिकृतहरू सहित नायव सुब्बा | २०८०/११/१८ देखि २०८०/११/१९ |
| ६ | अर्ध वार्षिक/वार्षिक समीक्षा बैठक, पोखरा | सबै कर्मचारीहरू | २०८०/११/२१ |
| ७ | आयोगबाट आयोजित सेवा प्रवेश तालिम | उत्तम राउत, सूचना प्रविधि सहायक | २०८०/११/२१ देखि २०८०/११/२६ |
| ८ | आयोगबाट आयोजित सेवा प्रवेश तालिम | सागर पोखरेल, लेखा अधिकृत र अनिता दुलाल, मानव अधिकार अधिकृत | २०८०/१२/०१ देखि २०८०/१२/३० |
| ९ | **CGAS** को एक दिने अभिमुखीकरण कार्यक्रम | विनोद परियार, नायव सुब्बा | २०८१/०१/२५ गते |

## २.५ सञ्चार माध्यमहरूमा सहभागिता

| क.स | कार्यक्रमको विषय | मिति | सञ्चार माध्यमको नाम | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १ | विश्व आत्महत्या रोकथाम दिवसको सन्दर्भमा मानसिक स्वास्थ्य र मानव अधिकार विषयमा रेडियो सम्वाद | २०८०/०५/२४ | रेडियो अन्नपूर्ण | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत |
| २ | महिला र किशोरी न्यायका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकार विषयक संवाद कार्यक्रम | २०८०/१०/२८ | रेडियो जननी ९०.६ मेघाहर्ज, पोखरा | माया देवी शर्मा उपसचिव |
| घ | महिला अधिकार सम्बन्धी संवाद | २०८०/११/२४ | श्री एन्जल्स टिभी | मोहन काफ्ले, मानव अधिकार अधिकृत |

## २.६.अन्य निकायले सञ्चालन गरेको तालिम/कार्यक्रममा सहभागिता

| क्र.स. | तालिम/कार्यक्रमको विषय | सञ्चालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | तालिम/कार्यक्रमको अवधि |
|---|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच विषयक सार्वजनिक बहस कार्यक्रम | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश,पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०४/१४ |
| २ | सरोकारवालासँग छलफल कार्यक्रम | महिला मञ्च कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०४/१४ |
| ३ | महिला हिंसा र मानसिक स्वास्थ्य सम्बन्धी शोधकार्यको प्रतिवेदन सार्वजनिक | कोपिला नेपाल कास्की | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०४/१६ |
| ४ | संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को  प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो कार्यायोजना बारे छलफल | मानव अधिकारका लागि महिला, एकल महिला समुह, कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/०५ |
| ५ | लैङ्गिक हिंसा विषयमा अध्ययन प्रतिवेदनको प्राप्त तथ्यहरूको विषयमा छलफल | कोपिला नेपाल | माया देवी शर्मा, उपसचिव | २०८०/०५/०५ |
| ६ | मिडियामा मिथ्या सूचना सम्बन्धी अन्तरसम्वाद कार्यक्रम | मिडिया रिसर्च सेन्टर,पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/११ |
| ७ | बलपूर्वक वेपत्ता पार्ने कार्यविरूद्धको अन्तर र्ष्ट्रिय दिवस अगस्ट ३० अन्तरक्रिया कार्यक्रम | वेपत्ता परिवार समाज लगायतका संस्थाहरू | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/१२ |
| ८ | विभिन्न दिवसिय कार्यक्रमहरू मनाउने सम्बन्धमा छलफल कार्यक्रम | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/१२ |
| ९ | सामाजिक लेखाजोखा परीक्षणको प्रतिवेदन सार्वजनिक | कोपिला नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०५/१३ |
| १० | पीडितको न्यायमा पहुँच सम्बन्धी सरोकारवालासँग छलफल | कोपिला नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०५/१७ |

| | | | | |
|---|---|---|---|---|
| ११ | दलित प्रतिनिधि र सरोकारवाला निकायसँगको छलफल कार्यक्रम | दलित महिला संघ (फेडो), कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/१७ |
| १२ | बडी एण्ड डिजिटल अधिकार सम्बन्धी कार्यशाला | बडी एण्ड डेटा | विनोद परियार, नायव सुब्बा | २०८०/०५/१६ र १७ गते |
| १३ | प्रहरी जवान आधारभूत तालिम कार्यक्रममा सरोकारवाला निकायसँगको छलफल/अन्तरक्रिया कार्यक्रम | गण्डकी प्रदेश प्रहरी कार्यालय,पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/२१ |
| १४ | निजामति सेवा दिवस कार्यक्रम | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,गण्डकी प्रदेश | माया देवी शर्मा, उपसचिव | २०८०/०५/२२ |
| १५ | विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम | मानसिक स्वास्थ्य सञ्जाल कास्की | माया देवी शर्मा, उपसचिव, खिमलाल सुवेदी, मानव अधिकार अधिकृत, विनोद परियार, नायव सुब्वा र वीरबहादुर महतारा, कार्यालय सहयोगी | २०८०/०५/२४ |
| १६ | आत्महत्या रोकथामका लागि नीति निर्माताहरू तथा सरोकारवालाहरूवीच छलफल कार्यक्रम | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | विनोद परियार, नायव सुब्वा | २०८०/०५/२४ |
| १७ | महिला अधिकार अंश र वंश विषयक तीज गित प्रतियोगिता | महिला मानव अधिकार रक्षक सञ्जाल, कास्की | माया देवी शर्मा, उपसचिव | २०८०/०५/२५ |
| १८ | हरितालिका तीजको सन्दर्भमा शुभकामना कार्यक्रम | वातावरण संरक्षणका लागि महाअभियान | माया देवी शर्मा, उपसचिव | २०८०/०५/२६ |
| १९ | विपद्को अवस्थामा संरक्षण र लैङ्गिकतामा आधारित हिंसा विषयक क्षमता अभिवृद्धि तालिम | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०५/२८ |

| | | | | |
|---|---|---|---|---|
| २० | श्रममा महिलाको अधिकार विषयक अन्तरक्रिया | तरङ्गिनी फाउण्डेसन | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०५/२९ |
| २१ | एचआईभि एड्स विषयमा सरोकारवालासँगको समन्वय बैठक | सिएलएम, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/३१ |
| २२ | विश्व आत्महत्या रोकथाम दिवसको समीक्षा तथा विश्व मानसिक स्वास्थ्य दिवसको तयारी सम्बन्धमा छलफल कार्यक्रम | प्रदेश मानसिक स्वास्थ्य सञ्जाल गण्डकी | खिमलाल सुवेली र टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०५/३१ |
| २३ | संविधान दिवस २०८० को अवसरमा आयोजित संविधानको विशेषता, कार्यान्वयन, महत्व र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम | मुख्य न्यायाधिवक्ताको कार्यालय,गण्डकी | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०६/०२ |
| २४ | संविधान दिवस २०८० मनाउने सम्बन्धमा आयोजित कार्यक्रम | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/०३ |
| २५ | सेवा, संरचना र प्रणालीमा सबैका लागि मानव अधिकारमैत्री पहुँचयुक्त यातायात विषयक अभिमुखीकरण | अपाङ्गता स्वावलम्बन विकास संघ (डिडा) नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०६/०५ |
| २६ | अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच सम्बन्धी छलफल बैठक | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०६/०५ |
| २७ | कास्कीको सराङ्गकोटस्थित बाल सुधार गृहलाई सुरक्षित बनाउने सम्बन्धमा सरोकारवालाबीच छलफल | जिल्ला प्रहरी कार्यालय, कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/६ |
| २८ | २३ औं साधारण सभा तथा ११ औं अधिवेशन समारोहको उद्घाटन सत्र | कोपिला नेपाल | माया देवी शर्मा, उपसचिव | २०८०/०६/०६ |

| | | | | |
|---|---|---|---|---|
| २९ | विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा प्रभात फेरी तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र मनोसामाजिक स्वास्थ्य सञ्जाल गण्डकी | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/२३ |
| ३० | जेसी अडिट तथा सरोकारवाला निकायवीच छलफल | दलित महिला संघ फेडो कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०६/२४ |
| ३१ | महिला शान्ति सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघको प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो कार्यायोजना कार्यान्वयन सम्बन्धी सरोकारवालाबीच छलफल | द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/२५ |
| ३२ | गण्डकी प्रदेशमा मानसिक स्वास्थ्यको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक | कोपिला नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/२६ |
| ३३ | भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दल र नागरिक समाजको भूमिका | भ्रष्टाचार विरूद्धको नागरिक निगरानी संस्था | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०६/२७ |
| ३४ | १६ दिने लैङ्गिक हिंसा विरूद्धको अभियानबारे सरोकारवाला निकायसँग छलफल | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/०५ |
| ३५ | शान्ति सम्झौताको १७ वर्ष, द्वन्द्व पीडितको न्यायमा पहुँच | द्वन्द्व पीडित समाज, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/०५ |
| ३६ | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने सम्दर्भमा तयारी बैठक | राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश, पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/०३ |
| ३७ | बालबालिकाको पोषण अवस्था, असर र चुनौती विषयक छलफल | जेवाइसिएन नवलपुर र गैसस महासंघ गण्डकी | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/०५ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | सिडको ७ औँ आवधिक प्रतिवेदन सम्बन्धी प्रदेशस्तरीय परामर्श कार्यशाला | वियोण्ड वेइजिङ समिति नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/०९ |
| ३९ | सामाजिक लेखापरीक्षण, अनुभव र सिकाई आदान प्रदान | कोशिश नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/११ |
| ४० | मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक समावेशीकरण सम्बन्धी प्रदेशस्तरीय छलफल | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/१२ |
| ४१ | पत्रकारको पेशागत सुरक्षा तथा सरोकारवालालाई परियोजना अभिमुखिकरण | नेपाल पत्रकार महासंघ, कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/११ |
| ४२ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समिति बैठक | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/१९ |
| ४३ | ७५औं मानव अधिकार दिवसको सन्दर्भमा आयोजित रक्तदान कार्यक्रम | गण्डकी प्रदेश सरकार, मानव अधिकार महाभेला, राष्ट्रिय मानव अधिकार आयोग | खिमलाल सुवेदी, टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत तथा विनोद परियार, नायव सुब्बा | २०८०/०८/२२ |
| ४४ | अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सम्बन्धी सार्वजनिक सुनुवाई | राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/२२ |
| ४५ | द्वन्द्व पीडितहरूको लागि मनोसामाजिक सहयोग परियोजना बारे अन्तरक्रिया | कोपिला नेपाल | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/२२ |
| ४६ | स्थानीय तहहरूको लागि मानसिक सुस्वास्थ्य सम्बन्धी मार्गदर्शन तर्जुमा सम्बन्धी कार्यशाला | कोशिश नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/२४ |

| | | | | |
|---|---|---|---|---|
| ४७ | लोकतन्त्र र नागरिक शिक्षा कार्यशाला | कोक्याप, गण्डकी प्रदेश पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/२७ |
| ४८ | नागरिक संवाद कार्यक्रम | मानव अधिकार तथा शान्ति समाज, कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/१६ |
| ४९ | छलफल बैठक | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०८०/०८/२५ |
| ५० | अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरणको लागि अपाङ्गता भएका महिलाहरूको सफलताको कथा प्रदर्शनी तथा अन्तरक्रिया | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी र सिविएम नेपाल | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र टंकप्रसाद खनाल | २०८०/०९/०३ |
| ५१ | मानव अधिकार उल्लङ्घन र अपराधका घटना सम्बन्धी सरोकारवाला निकायसँगको छलफल | शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्की | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०९/१६ |
| ५२ | यातना पीडितहरूको न्यायको लागि सरोकारवाला निकायको भूमिका विषयक प्रदेशस्तरीय अन्तरक्रिया | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०९/१८ |
| ५३ | शिक्षा, स्वास्थ्य र वातावरणको अधिकार सम्बन्धी प्रदेश सरकारको नीति, कार्यक्रम कार्यान्वयन अवस्था अन्तरक्रिया | इन्सेक, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०९/२६ |
| ५४ | संविधानको कार्यान्वयनमा चुनौतीहरू अन्तरक्रिया | टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान, काठमाडौं | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०९/२७ |
| ५५ | विपद्मा अपाङ्गता भएका व्यक्तिको अधिकार र सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया | डिडा नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/१०/२ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | बालअधिकार संरक्षणका लागि प्रदेशस्तरीय अन्तरक्रिया | राष्ट्रिय बाल अधिकार परिषद्, काठमाडौँ | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१०/४ |
| ५७ | एकल महिलाहरूको एक दिने जिल्ला भेला | मानव अधिकारका लागि महिला, एकल महिला समूह, कास्की | माया देवी शर्मा, उपसचिव | २०८०/१०/१४ |
| ५८ | ज्येष्ठ नागरिकसँग अन्तर संवाद कार्यक्रम | जिल्ला समन्वय समिति, कास्की | माया देवी शर्मा, उपसचिव | २०८०/१०/१५ |
| ५९ | बाल अधिकार तथा बाल सञ्जाल सम्बन्धी अन्तरसंवाद कार्यक्रम | जिल्ला समन्वय समिति, कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/१०/२३ |
| ६० | सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न बनेको विधेयक उपर छलफल | कानून अन्वेषण तथा स्रोत विकास केन्द्र सेलर्ड, काठमाडौं | माया देवी शर्मा, उपसचिव | २०८०/१०/२४ |
| ६१ | गण्डकी प्रदेशको स्थापना दिवस समारोह | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/११/०४ |
| ६२ | महिला पत्रकारहरूका लागि जेसी तालिम कार्यक्रम | सञ्चारिक समूह, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/११/८ |
| ६३ | व्यवसाय र मानव अधिकार विषयमा बनेको राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा प्रदेशमा छलफल | श्रम तथा रोजगार मन्त्रालय, काठमाडौं | माया देवी शर्मा, उपसचिव | २०८०/११/२१ |
| ६४ | अपाङ्गता अधिकार ऐन मस्यौदा सम्बन्धी अन्तरक्रिया | स्वावलम्बन जीवन पद्धती, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/११/२४ |
| ६५ | अन्तरप्रदेश तथा अन्तर सम्बन्ध ऐनको कार्यान्वयन सम्बन्धी छलफल | नेपाल कानून समाज काठमाडौँ | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/११/२१ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | अन्तराष्ट्रिय महिला दिवसको अवसरमा प्रभात फेरी कार्यक्रम | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/११/२५ |
| ६७ | सामाजिक परीक्षण कार्यक्रम | बालहितकारी परियोजना नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१२/०१ |
| ६८ | एचआइभी संक्रमित महिलाहरूको अवस्था सम्बन्धी प्रदेशस्तरीय छलफल कार्यक्रम | एचआईभि एड्स संक्रमित महिलाहरूको राष्ट्रिय महासंघ | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१२/०१ |
| ६९ | जातिय भेदभाव तथा रंगभेद विरूद्धको दिवसको सन्दर्भमा प्रभातफेरी तथा अन्तरक्रिया | दलित महिला संघ (फेडो), कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१२/०८ |
| ७० | लैङ्गिक हिंसा र मानसिक स्वास्थ्यको बुझाइ र सेवामा पहुँच विषयको अनुसन्धान प्रतिवेदन प्रस्तुतीकरण तथा लैङ्गिक हिंसाको वर्तमान अवस्था तथा चुनौतीहरू विषयक प्रदेशस्तरीय अन्तरक्रिया | कोपिला नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१२/०८ |
| ७१ | सङ्क्रमणकालीन विधेयक तथा द्वन्द्वपीडितहरूका सवाल विषयक अन्तरक्रिया | एड्भोकेसी फोरम, नेपाल | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/१२/०९ |
| ७२ | संस्थाद्धारा सञ्चालित परियोजनाहरूको अर्धवार्षिक समीक्षा तथा जानकारी | पोखरा उद्योग वाणिज्य संघ, बालश्रम न्यूनिकरण कार्यक्रम, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/१२/१५ |
| ७३ | पीडितमैत्री अन्तरिम राहत र परिपुरण निर्माणमा सरोकारवालाको भूमिका प्रदेशस्तरीय अन्तरक्रिया | एड्भोकेसी फोरम नेपाल र आइसिजे | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८१/०१/०३ |
| ७४ | सिकाई परियोजनाको प्रदेशस्तरीय समीक्षा कार्यक्रम | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०१/०३ |

| | | | | |
|---|---|---|---|---|
| ७५ | प्रदेशस्तरीय नागरिक सम्मेलनको तयारी बैठक | गैसस महासंघ, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८१/०१/०४ |
| ७६ | लेश्वियन भिजिविलिटी डे. को अवसरमा आयोजित र्‍याली तथा सभा | मितिनी नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०१/१४ |
| ७७ | सामाजिक लेखा परीक्षण कार्यक्रम | चिल्ड्रेन नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०१/१८ |
| ७८ | विपद् पूर्व तयारी सम्बन्धमा सरोकारवालाबीच समन्वय बैठक | नेपाल रेडक्रस सोसाइटी, कास्की | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०१/२५ |
| ७९ | प्रदेशस्तरीय नागरिक सम्मेलनको थप तयारी बैठक | गैसस महासंघ, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०२/०८ |
| ८० | २६ औं वार्षिक साधारण सभाको उद्‌घाटन शत्र | राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति, पोखरा | माया देवी शर्मा, उपसचिव | २०८१/०२/१२ |
| ८१ | गणतन्त्र दिवसको सन्दर्भमा आयोजित शुभकामना कार्यक्रम | गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०२/१५ |
| ८२ | पाँचौं जिल्ला अधिवेशन समारोह | जनआन्दोलन शहिद परिवार तथा घाइते समन्वय समिति, कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८१/०२/१५ |
| ८३ | जलारी समुदायसँग सहभोज | वातावरण संरक्षणका लागि महाअभियान पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०२/२० |
| ८४ | १९ औं जातिय विभेद तथा छुवाछुतमुक्त राष्ट्र घोषणा दिवसको अवसरमा आयोजित अन्तरक्रिया | दलित महिला संघ (फेडो), कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०२/२१ |

| | | | | |
|---|---|---|---|---|
| ८५ | प्रदेशमा मानव अधिकारमैत्री कानून कार्यान्वयनको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया | इन्सेक, पोखरा | सरोज गौली, मानव अधिकार अधिकृत | २०८१/०२/३१ |
| ८६ | दलित महिलाको सशक्तिकरण र समावेशीकरणको सवाल प्रदेशस्तरीय कार्यक्रम | दलित महिला संघ (फेडो), कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०३/०५ |
| ८७ | मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको सामाजिक आर्थिक र श्रम ऐन कार्यान्वयनको अवस्था विषयक सर्वेक्षण प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम | शक्ति समूह | सरोज गौली, मानव अधिकार अधिकृत | २०८१/०३/०७ |
| ८८ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था अन्तरक्रिया कार्यक्रम | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०३/०७ |
| ८९ | नेपाल मानव अधिकार वर्ष पुस्तकको पूर्व समीक्षा कार्यक्रम | इन्सेक, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०३/१८ |
| ९० | एम्नेष्टी इन्टरनेशनल समूह-८२ को २७ औं साधारण सभा तथा १४ औं अधिवेशन | एम्नेष्टी इन्टरनेशनल समूह - ८२ | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८१/०३/२१ |

## २.७. अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रूपमा सहभागिता

| क्र.स. | तालिम/कार्यक्रमको विषय | सञ्चालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिनेको नाम | तालिम/कार्यक्रमको अवधि |
|---|---|---|---|---|
| १ | विश्व आत्महत्या रोकथाम दिवसको सन्दर्भमा आयोजित अन्तरक्रिया कार्यक्रममा मानसिक स्वास्थ्य र मानव अधिकार विषयमा सहजीकरण | मानसिक स्वास्थ्य सञ्जाल, कास्की | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०५/२२ |

| | | | | |
|---|---|---|---|---|
| २ | सेवाकालिन तालिम पाँचौं तह प्रशिक्षण | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०६/१० |
| ३ | मानव अधिकार सम्बन्धी प्रशिक्षण | खुईजरी पोखरा सम्पर्क समाज | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०६/१९ |
| ४ | युएनसिआरपीडि समितिको सुझाव तथा सिफारिस कार्यान्वयनको अवस्था | राष्ट्रिय मानव अधिकार आयोग | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/१० |
| ५ | गण्डकी प्रदेशमा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी सहजीकरण | राष्ट्रिय मानव अधिकार आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, इन्सेक, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/२० |
| ६ | स्थानीय तह पाँचौं तहका कर्मचारीलाई सेवाकालीन तालिम | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०८/२७ |
| ७ | मानव अधिकार अभिमुखीकरण कार्यक्रम | वातावरण संरक्षणका लागि महाअभियान, कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/१५ |
| ८ | मानव अधिकार रक्षकको अधिकार सम्बन्धी सरोकारवाला निकायलाई अभिमुखीकरण | राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक लगायतका संस्थाहरू | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/०८/२३ |
| ९ | लैङ्गिक अनुशिक्षण तालिम | सशस्त्र प्रहरी बल नेपाल नं ४ बाहिनी पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/०८/१८ |
| १० | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना अन्तरक्रिया | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/०९/०५ |
| ११ | गण्डकी प्रदेशस्तरीय मानव अधिकार सम्मेलन | मानव अधिकार एलायन्स, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/१०/१३ |

| | | | | |
|---|---|---|---|---|
| १२ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी अभिमुखीकरण | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, गण्डकी प्रदेश, राष्ट्रिय मानव अधिकार आयोग र इन्सेक, पोखरा | माया देवी शर्मा, उपसचिव | २०८०/१०/२६ |
| १३ | गण्डकी प्रदेशमा अपाङ्गता अधिकार ऐनको आवश्यकता, कानून निर्माण प्रक्रिया र ऐनमा समावेश हुनुपर्ने विषयहरू | स्वावलम्बन जीवन पद्धती केन्द्र, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/११/१४ |
| १४ | महिला पत्रकारहरूका लागि जेसी तालिम कार्यक्रम | सञ्चारिक समूह, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८०/११/९ |
| १५ | मानव अधिकार तथा लैङ्गिक समानता सम्बन्धी तालिम | हिमाली एक्स चिल्डेन फोरम, कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०११/२० |
| १६ | पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा अन्तरक्रिया | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०८०/११/२३ |
| १७ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयहरू र कार्यान्वयन अवस्था | इन्सेक, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/१२/१९ |
| १८ | प्रहरी कारवाही तथा मानव अधिकार तालिम | प्रदेश प्रहरी तालिम केन्द्र, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८१/०१/०६ |
| १९ | मानव अधिकार सचेतनामूलक कार्यक्रम सहजीकरण नवीन मा.वि, पोखरा | राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति, पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०८१/०२/०४ |
| २० | गण्डकी प्रदेशमा मानव अधिकारको अवस्था सम्बन्धमा सहजीकरण | गैसस महासंघ, गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८१/०२/११ |

## २.८ प्रशासनिक कार्यहरू

प्रशासनिक कार्यहरू अन्तर्गत कार्यालयद्वारा प्रेषित एवम् प्राप्त हुने चिठीपत्रहरूको व्यवस्थापन, शाखाहरूबाट माग भएका बस्तु र सेवा उपलब्ध गराउन पहल, कर्मचारीहरूको विदाको अभिलेखीकरण, भण्डार शाखाको

सञ्चालन र व्यवस्थापन, कर्मचारी बैठकको समन्वय र माइन्यूट, मानव अधिकार श्रोत केन्द्र व्यवस्थापन, अतिथि सत्कारको लागि आवश्यक व्यवस्था तथा कार्यालयमा प्राप्त सम्पूर्ण सामाग्रीहरूको अभिलेख लगायतका नियमित कार्य गरिएको छ ।

## २.९ कर्मचारी बैठक

आ.व. २०८०/८१ मा यस कार्यालयमा १० पटक कर्मचारी बैठक बसी तपसील बमोजिमका विषयहरूमा छलफल गरी विभिन्न निर्णयहरू गरिएको थियो ।

| क्र.सं. | बैठक नं. | मिति | बैठकका विषयहरू |
|---|---|---|---|
| १ | १८१ | २०८०/०५/०६ | - आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम ।<br>- खरिद समिति गठन, पूँजीगत सामान सम्बन्धमा, सुरक्षा गार्डको ड्यूटि समय सम्बन्धमा, डिजिटल सुरक्षा सम्बन्धमा । |
| २ | १८२ | २०८०/०५/१५ | - आ.व.२०८०/८१ को मासिक कार्ययोजना सम्बन्धमा, पहुँच परीक्षण प्रतिवेदन २०७९ सम्बन्धमा । |
| ३ | १८३ | २०८०/०९/०१ | स्वागत (इन्टर्नसिपका विद्यार्थी) सम्बन्धमा, सुरक्षा गार्डको ड्यूटि सम्बन्धमा, ७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समीक्षा सम्बन्धमा । |
| ४ | १८४ | २०८०/१०/०७ | - प्रशासनिक समस्या सम्बन्धमा, समीक्षा सम्बन्धमा, अनुगमन टोली खटाउने सम्बन्धमा, रणनीतिक योजनाको कार्यान्वयन प्रगति विवरण सम्बन्धमा । |
| ५ | १८५ | २०८०/११/१४ | - दैनिक कार्य विवरण सम्बन्धमा, आ.व.२०८१/८२ को अनुमानित कार्यक्रम बजेट सम्बन्धमा, समीक्षा बैठक सम्बन्धमा । |
| ६ | १८६ | २०८१/०१/१२ | - कर्मचारी स्वागत सम्बन्धमा, समीक्षा सम्बन्धमा, अनुगमन टोली खटाउने सम्बन्धमा, वार्षिक गतिविधि पुस्तक प्रकाशन सम्बन्धमा । |
| ७ | १८७ | २०८१/०१/२० | - कर्मचारी स्वागत सम्बन्धमा |
| ८ | १८८ | २०८१/०१/२६ | - विषयगत अधिकृतहरू तोकिएको सम्बन्धमा, सूचना प्रविधि सहायकको जिम्मेवारी तोकिएको सम्बन्धमा, उजुरी फाइल बरबुझारथ सम्बन्धमा । |
| ९ | १८९ | २०८१/०२/११ | - आयोगको स्थापना दिवस मनाउने सम्बन्धमा । |
| १० | १९० | २०८१/०३/१२ | - समीक्षा सम्बन्धमा, गतिविधि पुस्तिका प्रकाशन सम्बन्धमा । |

## २.१० खरिद इकाईको गठन

शाखाहरूबाट माग भएका कार्यालयलाई आवश्यक पर्ने सामाग्री खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३

बमोजिम खरिद इकाई गठन गरिएको छ । मानव अधिकार अधिकृत मोहन काफ्लेको संयोजकत्वमा गठन गरिएको उक्त समितिमा मानव अधिकार अधिकृत टंकप्रसाद खनाल र नायव सुब्बा विनोद परियार सदस्य रहेका छन् । उक्त समितिले कार्यालयलाई आवश्यक पर्ने, खर्च भएर जाने र नजाने सामानहरूको खरिद योजना बनाई सोही बमोजिम सामानहरू खरिद गरी खरिद प्रक्रियालाई व्यस्थित गरेको थियो ।

## २.११ आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन

आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि उपसचिव माया देवी शर्माको संयोजकत्वमा मानव अधिकार अधिकृत टंकप्रसाद खनाल र नायव सुब्बा विनोद परियार रहेको छैटौं रणनीतिक योजना प्रदेशस्तरीय कार्यान्वयन समिति गठन गरिएको छ । उक्त समितिले हालसम्म उक्त रणनीतिक योजनाले लिएको उद्देश्य र लक्ष्य बमोजिम कार्यालयका गतिविधिहरू सञ्चालन भए नभएको सम्बन्धमा समीक्षा गरेर केन्द्रीय कार्यालयमा प्रतिवेदन समेत पेश गर्ने गरेको छ ।

## २.१२ लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति गठन

आयोगबाट जारी भएको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनको लागि उपसचिव माया देवी शर्माको संयोजकत्वमा मानव अधिकार अधिकृत मोहन काफ्ले सदस्य रहेको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति गठन गरिएको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरूमा गुनासो, उजुरीहरू सुनुवाई गर्ने गरेको छ ।

## २.१३ अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि कार्य समूहको गठन

राष्ट्रिय मानव अधिकार आयोगद्वारा जारी अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ (पहिलो संसोधन, २०८०) को दफा ८ को उपदफा ४ (क) मा प्रदेशस्तरीय कार्यसमुहको गठन हुने व्यवस्था गरिएको छ ।



माया देवी शर्मा, उपसचिव राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराको संयोजकत्वमा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराका उपसचिव शालिक राम रेग्मी, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश, पोखराका सह-न्यायाधिवक्ता मदन शर्मा, गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदी, नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश समितिका महासचिव गोविन्द सुवेदी, उच्च अदालत बार एशोसिएसन, पोखराका अध्यक्ष विष्णुप्रसाद शर्मा, गैसस महासंघ, गण्डकी प्रदेश कार्यालयका सदस्य इन्दिरा पौडेलसहितको सदस्यहरू प्रदेशस्तरीय कार्य समूह मिति २०८१/०१/२४ गते गठन गरिएको छ । फ्रिडम फोरमका तर्फबाट प्रतिनिधिका रूपमा राजन उपाध्यायलाई कार्य समूहको गठन बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गरिएको थियो ।

## २.१४ समन्वय र सहकार्य

आयोगको यस कार्यालयले मानव अधिकारको संरक्षण र संवर्धनको सवालमा प्रदेश सरकार, विभिन्न जिल्लाका सरकारी तथा सुरक्षा निकाय, स्थानीय तहहरू, नागरिक समाज, मानव अधिकारकर्मी तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्थाहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्दै आईरहेको छ । कुनै संघ, संस्था वा निकायबाट समन्वय र सहकार्यमा कार्यक्रम गर्न अनुरोध भई आएमा कार्यालय प्रमुखको अध्यक्षतामा कर्मचारी बैठक बसी निर्णय गरेर यस्ता कार्यक्रमहरू सम्पन्न गरिएका छन् । यसै क्रममा, मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस लगायतका कार्यक्रमहरू समन्वय र सहकार्यमा गर्दै आएको छ । साथै अन्य संघ, संस्थाले आयोजना गरेका कार्यक्रमहरूमा सहभागी तथा स्रोत व्यक्तिको रूपमा आयोगको यस कार्यालयबाट उपस्थित भई मानव अधिकार शिक्षा र सचेतना प्रदान गरिदै आइएको छ ।

## २.१५ इन्टर्नसीप

आयोगको गण्डकी प्रदेश कार्यालय, पोखरामा यस आर्थिक वर्षमा पृथ्वीनारायण क्याम्पसबाट ४ जना विद्यार्थी र पोखरा विश्वविद्यालयबाट ४ जना विद्यार्थी गरी ८ जनाले इन्टर्नसीप सम्पन्न गर्नु भएको छ ।




## २.१६ विद्यार्थीहरूको आयोगमा भ्रमण

पोखरास्थित डिज्नील्याण्ड एकेडेमी र पुष्प सदन एकेडेमीमा अध्ययनरत विद्यार्थीहरूद्वारा आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराको भ्रमण गरी मानव अधिकारको विषयमा आयोगका कर्मचारीहरूसँग गरिएको छलफल पश्चात्को सामुहिक तस्बिर



# परिच्छेद ३

# गण्डकी प्रदेशको मानव अधिकारको अवस्था

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने प्रमुख दायित्व राज्यको हो । संविधान, ऐन कानून र अन्तर र्राष्ट्रिय सन्धि महासन्धिद्वारा प्रदत्त नागरिकका अधिकारहरूको प्रचलनमा राज्यले कानूनद्वारा नै व्यवस्थापन गर्नु पर्दछ । गण्डकी प्रदेशको मानव अधिकार अवस्था, मानव अधिकार सम्बन्धी महासन्धिहरू एवम् राष्ट्रिय स्तरमा निर्माण गरिएका ऐन कानूनहरू, प्रदेश सरकारले निर्माण गरेका मानव अधिकार मैत्री कानूनद्वारा प्रदत्त अधिकारहरूको समग्र उपभोगको अवस्था, यस कार्यालयको वार्षिक योजनामा परेका मानव अधिकारका विषयहरूमा गरिएको स्थलगत अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा सन्धिजनित विषयमा केन्द्रित भई विश्लेषण गर्दै समग्र मानव अधिकार अवस्थालाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### ३.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था

मानव अधिकार हरेक व्यक्तिले नागरिकको हैसियतले प्राप्त गर्ने आधारभूत र सम्पूर्ण अधिकारहरू हुन् । जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा संविधान, ऐन कानून तथा सन्धि महासन्धिमा उल्लेख गरिएको हुन्छ । नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमनबाट नै देशको समग्र मानव अधिकारको अवस्था कस्तो छ भनी हेर्न र विश्लेषण गर्न सकिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी गरेपछि संयुक्त राष्ट्र संघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि जारी गरिएको हो । यस महासन्धिका अन्य २ ऐच्छिक आलेखहरू समेत रहेका छन् । महासन्धिले अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनियताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, सङ्गठित हुन पाउने र भेला हुन पाउने अधिकार, स्वच्छ सुनुवाईको अधिकारकारका अतिरिक्त निर्वाचनमा भाग लिन र चुनिन पाउने लगायतका अधिकारहरूको प्रत्याभूति गरेको छ ।

संक्रमणकालीन न्यायका कतिपय विषयहरू अन्य अधिकारसँग जोडिएका भएपनि पीडितले न्याय पाउनुपर्ने विषय मुख्यतः न्याय प्रशासनसँग सम्बन्धित रहेको हुँदा यसमा विशेषगरी जीवनको अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, कैदीबन्दीको अधिकारसँग सम्बन्धित विषयलाई विश्लेषण गरिएको छ ।

#### ३.१.१ जीवनको अधिकार (सम्मानपूर्वक बाँच्न पाउने अधिकार) को अवस्था

सम्मानजनक रूपमा बाँच्न पाउनु मानिसको आधारभूत र नैसर्गिक अधिकार हो । यस अधिकारको संरक्षण पश्चात् मात्र बाँकी अधिकारको अभ्यास वा उपभोग सम्भव छ । यसलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ६ मा उल्लेख गरिएको छ । यस महासन्धिको दोश्रो ऐच्छिक आलेख १९८९ मा मृत्यु दण्ड सम्बन्धी प्रावधानलाई उन्मूलन गरिएको छ । नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्वीकार गरी सुरक्षित गरिएको छ ।

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराद्वारा आर्थिक वर्ष २०८०/०८१ को अवधिमा गरिएको अनुगमनका क्रममा नागरिकको जीवनको अधिकारको अवस्थालाई विश्लेषण गर्दा प्रत्यक्ष रूपमा राज्यपक्षबाट नागरिकको जीवन हरण हुने गरी कुनै पनि मानव अधिकारको उल्लङ्घन भएको देखिदैन । तर अप्रत्यक्ष रूपमा नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी वा सशक्त हुन नसक्दा तथा राज्यका निकायहरू अपेक्षित रूपमा संवेदनशील नहुँदा नागरिकले अकालमा ज्यान गुमाउनु परेको अवस्था विद्यमान देखिन्छ । विशेषगरी अपराधजन्य क्रियाकलाप, स्वास्थ्य उपचार, आत्महत्या, वैदेशिक रोजगारी, प्राकृतिक तथा गैर प्राकृतिक विपद्, सडक दुर्घटना जस्ता घटनाका कारण नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रभावित हुन पुगेको देखिन्छ। साथै यसप्रकारका घटनाका कारण आम नागरिकले सम्मानजनक रूपमा बाँच्न तथा सुरक्षाको अनुभूति गर्न नसकेको पाइएको हुँदा यसतर्फ राज्य र राज्यका निकायहरू र सरोकारवाला निकायहरू थप संवेदनशील हुन आवश्यक छ ।

### ३.१.२ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारको अवस्था

मानव अधिकार भित्र विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारलाई लोकतान्त्रिक पद्धतिको उच्चतम रूपमा लिइन्छ । जसलाई नेपालको संविधान तथा अन्य कानूनले समेत सम्बोधन गरेको छ । नागरिक तथा राजनीतिक अधिकार अभिव्यक्ति स्वतन्त्रताको प्रमुख सूचकको रूपमा रहेको बालिग मताधिकार तथा आवधिक निर्वाचनबाट नै लोकतन्त्रको संस्थागत विकास भएको हुन्छ। हरेक नागरिकले स्वतन्त्र रूपमा आफ्नो मताधिकारको प्रयोग गर्न तथा निर्वाचनमा भाग लिन, निर्वाचनमा प्रत्यासी भई जनताको अभिमतबाट निर्वाचित भई जनप्रतिनिधिको रूपमा जनताको सेवा गर्न पाउने कुरा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६ को धारा १९, नेपालको संविधान र निर्वाचन सम्बन्धी ऐन कानूनले सुनिश्चित गरेको छ। नेपालको संविधानमा व्यवस्था भए बमोजिम विचार र अभिव्यक्ति राख्ने, बिना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने, राजनीतिक दल, संघ संस्था खोल्ने, आवतजावत र बसोवास गर्ने तथा कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता नागरिकलाई प्रदान गरिएको छ ।

### ३.१.३ कैदी-बन्दीहरूको अधिकारको अवस्था

प्रचलित कानून विपरितको कार्य गर्नु अपराध हो र अपराध गरे बापत कानून बमोजिम तोकिएको सजायको भागिदार बन्नु पर्दछ। यसरी तोकिएको सजायको भोग गर्दा कैदी बन्दीको हैसियतमा प्राप्त अधिकारको सम्मान पनि गरिनु पर्दछ। कैदी बन्दीहरूमाथि स्वेच्छाचारी व्यवहार गर्नु हुदैन साथै उनीहरूमाथि मानव अधिकारको मुल्य मान्यता विपरित हुने कार्य गर्न पाइँदैन। हरेक थुनुवा, कैदी र बन्दीलाई मानवीय मुल्य र मर्यादा अनुसार आदरपूर्वक व्यवहार गरिनुपर्ने, कुनैपनि हैसियतका आधारमा भेदभाव गर्न नहुने र उनीहरूको धार्मिक आस्था वा साँस्कृतिक अधिकारको सम्मान गरिनु पर्नेमा संयुक्त राष्ट्रसंघको महासभाले १९९० मा थुनुवाप्रति गरिनुपर्ने व्यवहारका आधारभूत सिद्धान्तहरू पारित गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा यातना विरूद्धको हक सुनिश्चित गरिएको छ। नेपालको संविधानले मौलिक हकमा नै स्वतन्त्रता, समानता, न्यायसम्बन्धी हक र यातना विरूद्धको हकको प्रत्याभूति गरेको छ। यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ ले थुनामा रहँदा यातना दिएका व्यक्तिलाई सरकारबाट एक लाख रूपैयाँ सम्म क्षतिपूर्ति भराई दिने व्यवस्था गरेको छ। कारागार ऐन २०७९, नियमावली २०२० (पन्ध्रौं संशोधन, २०७९) मा कारागारभित्रको संरचना र सेवाको व्यवस्था गर्दा सरसफाइ, स्वास्थ्य, सुरक्षाजस्ता आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने, खानेपानी तथा शौचालय, महिलाहरूलाई सेनेटेरी प्याडको व्यवस्था गर्ने, व्यायामस्थल, पुस्तकालय जस्ता पूर्वाधारको व्यवस्था

गर्ने, बन्दीलाई मनोरञ्जनका लागि खेलकुदस्थल र विभिन्न खेलकुद सामग्री, रेडियो तथा टेलिभिजन लगायत अन्य सुविधाहरूको व्यवस्था गरेको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४) मा तोकिए बमोजिमका कैदिबन्दीलाई सामुदायीक सेवामा पठाउन सकिने, पुनःस्थापना केन्द्रमा पठाउन सकिने, सुधार केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रिकालिन समयमा मात्र कारागारमा बसी कैद भुक्तानी गर्न सकिने, खुला कारागार र प्यारोलमा राख्न सकिने, कैदबापत् शारिरीक श्रममा राख्न सकिने, कारागार बाहिर जान दिन सकिने लगायतका सुधारात्मक व्यवस्थाहरू रहेका छन् ।

गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्ला बाहेक १० वटा जिल्लाहरूमा कारागारहरू रहेका छन् । आयोगको अनुगमनबाट अधिकांश कारागारहरूमा तोकिएको क्षमता भन्दा बढी कैदीबन्दी रहेको पाइएको छ । आयोगको अनुगमनका क्रममा ५० जनाको क्षमता रहेको कास्कीको सराङकोटस्थित बालसुधार गृहमा बालबिज्याइँका १०५ जना बालकहरू रहेको पाइएको छ । आयोगको पोखरा कार्यालयबाट गरिएको सुधार गृहको अनुगमनका क्रममा हालको महंगीलाई मध्यनजर गर्दै बाल सुधार गृहमा उपलब्ध गराउने सुविधाको रकम कम भएको, बालसुधार गृहमा सञ्चालित विद्यालयका लागि शिक्षकको दरबन्दी कम भएको, विषयगत शिक्षकको व्यवस्थापन नभएको, नियमति रूपमा उपलब्ध हुँदै आएको मौसम अनुसारका ओढ्ने, ओछ्याउने कपडाहरू समयमा उपलब्ध नभएको, सुधारगृहमा स्वास्थ्यतर्फको दरबन्दी सहित औषधी व्यवस्थाको लागि सरकारबाट पर्याप्त बजेट व्यवस्थापन नभएको, १८ वर्षमुनि र माथिका बालकहरूलाई एकै स्थानमा राखिएको, १८ वर्ष माथिका वयस्कहरूका लागि सीपमूलक र आयआर्जनका कार्यक्रमहरू नभएको, कारागार एवम् सुधार गृहमा क्षमताभन्दा बढी कैदी बन्दी/बालक रहँदा खान, बस्न, सुत्न, सरसफाई, घुमफिर गर्न लगायत विविध समस्या हुने गरेको तथा विगतको अवस्थामा अपेक्षित सुधार आउन नसकेको, कैदी बन्दीहरूलाई मानवोचित व्यवहार, कानूनी परामर्श सेवा, खानपीन र स्वास्थ्य सेवा, सीपमूलक तालिम, पुस्तकालय, मनरोरञ्जन तथा खेलकुदका सामाग्रीहरूको व्यवस्था लगायतमा केही सकारात्मक सुधारहरू भएपनि प्रायजसो कारागारहरूको भौतिक अवस्था भने जीर्ण नै रहेको पाइएको छ ।

## ३.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

### ३.२.१ उपभोक्ता अधिकारको अवस्था

उपभोक्ताको मानव अधिकारलाई मौलिक हकको रूपमा संवैधानिक संरक्षण प्रदान गरी नेपालको संविधानको धारा ४४ ले उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा पाउने हक हुने एवम् गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई हानी पुगेमा क्षतिपूर्ति पाउने हकको सुनिश्चित गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले आम उपभोक्ताको सूचित र सुरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ । त्यस्तै धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको समेत व्यवस्था गरेको छ । त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, संयुक्त राष्ट्रसंघद्वारा जारी उपभोक्ता संरक्षण सम्बन्धी निर्देशिका १९८५, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ लगायतले उपभोक्ताको अधिकार सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेका छन ।

त्यस्तै उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ ले प्रदेश बजार अनुगमन समिति र दफा २८ ले स्थानीय बजार अनुगमन समितिको व्यवस्था गरेको छ । गण्डकी प्रदेश सरकारबाट बजार अनुगमन नियमावली, २०७६ पारित भई प्रदेश बजार अनुगमन टोली गठन भई समय समयमा अनुगमन हुने गरेको भएता पनि प्रभावकारी अनुगमन हुन नसक्दा उपभोक्ताहरूको अधिकार सुनिश्चित हुन सकेको छैन । गण्डकी प्रदेश सरकारको बजार अनुगमन नियमावली, २०७६ को नियम ८ र ९ ले जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको प्रमुखको

संयोजकत्वमा जिल्ला बजार अनुगमन टोलीको गठन र काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । यस सम्बन्धमा आयोगको टोली विभिन्न जिल्लामा अनुगमनको क्रममा जादा प्राप्त जानकारी अनुसार विना दर्ता सञ्चालन, मुल्यसूची नराख्ने, म्याद गुर्जिएका वस्तुहरू छुटै भण्डारण नभएको र म्याद गुर्जिएका सामानहरू अनुगमनको क्रममा नष्ट गर्ने गरिएको तथा व्यवसायीलाई कानूनसम्मत व्यवसाय गर्न सचेत गराईने गरेको भन्ने जानकारी प्राप्त हुन आएका थिए । त्यस्तै स्थानीय तहहरूले बजार अनुगमन निर्देशिका तर्जुमा गरेको पाइए पनि स्थानीय स्तरमा स्थानीय बजार अनुगमन कार्य प्रभावकारी रूपमा अगाडि बढाउन सकेको देखिदैन । साथै विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रममा उपभोक्ता अधिकारको सम्बन्धमा उठ्ने गरेका विषयहरू हेर्दा उपभोक्ता सचेतनामा कमी रहेको, जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने तथा म्याद गुज्रिएका उपभोग्य वस्तुको बेचबिखन, मुल्य एकरूपता नहुने, तौलमा कमी, अखाद्य पदार्थको मिसावट, अत्याधिक विषादीको प्रयोग, खाद्य वस्तुको गुणस्तर तथा विषादीको चेकजाँच गर्ने प्राविधिक तथा प्रविधिको पर्याप्त व्यवस्थाको अभाव, कृषि लगायतका खाद्य उपजहरूको आपूर्ति तथा निकासी र मुल्य निर्धारण प्रभावकारी हुन नसक्दा उत्पादकले उचित मूल्य नपाउने र उपभोक्ताले महंगो मुल्यमा खरिद गर्नुपर्ने र उपभोक्ता अधिकारको अनुगमन र नियमन गर्ने निकायहरूबाट यसको प्रभावकारी अनुगमन हुन नसकेको भन्ने जस्ता समस्या तथा गुनासोहरू पाइएका छन् ।

### ३.२.२ स्वास्थ्यको अधिकारको अवस्था

संविधानको धारा ३५ मा स्वास्थ्यको हक अन्तर्गत आधारभूत स्वास्थ्य सेवा निःशुल्क, स्वास्थ्य संस्थाहरूमा सबै नागरिकको समान पहूँच, आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित नगरिने जस्ता व्यवस्थाहरू मौलिक हकमा व्यवस्था गरिएको छ । त्यस्तै मौलिक हक कार्यान्वयन गर्न बनेको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि नागरिकको स्वास्थ्य अधिकारको सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेको छ । गण्डकी प्रदेश सरकारले स्वास्थ्य नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मातहत १२ अस्पतालहरू, संक्रामक तथा सरूवा रोग अस्पताल र स्थानीय पालिकाहरूमा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक लगायत स्वास्थ्य सस्थाहरूको व्यवस्था गरेको छ। प्रदेश सरकारको स्वास्थ्य नीति, २०७८ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाउने, विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्दै लाने, स्वास्थ्य संस्थामा औषधी, चिकित्सकजन्य सामग्री तथा भ्याक्सिनको अटुट रूपमा आपूर्तिको व्यवस्था मिलाउने, एक चिकित्सक/स्वास्थ्यकर्मी एक संस्था नीति अवलम्बन गर्ने लगायतका नीतिहरू अवलम्बन गरेको छ ।

प्रदेश अन्तर्गतका ९ वटा अस्पतालहरूबाट नियमित रूपमा डायलाइसिस सेवा प्रवाह भएको, प्रदेश अन्तर्गतका अस्पतालहरूबाट रगत तथा रगतजन्य पदार्थ निःशुल्क उपलब्ध हुने गरेको, आ.व. ०७६/०७७ देखि ०७९/०८० सम्म गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूबाट आर्थिक रूपमा विपन्न सुत्केरी तथा गर्भवती महिलाहरूलाई हवाई उद्धार (Air Lifting) गरी ६३ जनालाई सेवा प्रवाह गरेको जानकारी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट प्राप्त भएको छ । यद्यपी अझैपनि डायलाइसिस मेसिन पर्याप्त नहुँदा तथा बिग्रेका समयमा नै मर्मत नहुँदा सेवाग्राहीहरूले पालो कुरेर बस्नुपर्ने अवस्था रहेको छ। साथै ऐन, कानूनको प्रभावकारी कार्यान्वयन तथा पर्याप्त स्रोतको व्यवस्थापन नहुँदा स्वास्थ्य संस्थाहरूबाट वितरण हुने सबै प्रकारका निःशुल्क औषधीको उपलब्धता नहुने, स्वास्थ्य विमामा सबै नागरिक आवद्ध हुन नसकेका तथा स्वास्थ्य विमा मार्फत प्राप्त हुने औषधीहरूको उपलब्धता नहुने, स्वास्थ्य वीमाको सेवा लिने प्रक्रिया झन्झटिलो रहेको, स्वास्थ्य बीमाले केही

आयुर्वेदिक औषधीहरू समावेश गरेको भएपनि आयुर्वेदिक पद्दतिबाट उपचार हुने अस्पतालहरू नतोकिँदा विमामा आवद्ध भएपनि आयुर्वेदिक पद्दतिबाट उपचार गराउनुपर्ने विरामीहरू निजी आयुर्वेदिक अस्पतालहरूमा उपचार गराउनुपर्ने बाध्यता रहेको, स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको अभाव, दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरूको उपलव्धता नहुने जस्ता अवस्थाले नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुन सकेको अवस्था देखिंदैन । प्रदेश स्वास्थ्य मन्त्रालयले मातहत अस्पतालहरूको सेवा तथा गुणस्तर सुधारको कार्यक्रम अन्तर्गत आइसीयु, भेन्टिलेटर, अक्सिजन प्लान्ट जस्ता उपकरणको व्यवस्था गरेको भएपनि दक्ष जनशक्तिको अभावमा सञ्चालन हुन नसकेको स्याङ्जा र म्याग्दी जिल्लामा गरिएको अनुगमनको क्रममा पाइएको छ ।

प्रदेशमा मनोचिकित्सक जनशक्तिको कमी हुँदा जिल्ला अस्पतालहरूबाट सेवा प्रवाहमा समस्या रहेको भन्ने सरोकारवाला निकायसँगको छलफल तथा अनुगमनको क्रममा पाईएको छ । हाल प्रदेश अन्तर्गतका बागलुङ, म्याग्दी, गोरखा, दमौली र मध्यविन्दु अस्पतालमा मनोचिकित्सक (psychiatric) को उपलब्धता भएपनि अन्य जिल्ला अस्पतालमा मानसिक स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ डाक्टरहरूको उपलब्धता हुन सकेको पाइएन । मानसिक स्वास्थ्य समस्या अनुभव गरेका व्यक्तिहरूको लागि स्थानीय स्वास्थ्य संस्था तथा अन्य अस्पतालहरूमा परामर्श तथा विशेषज्ञ सेवा नहुँदा सेवा लिनका लागि पोखरा, काठमाण्डौं जानुपर्ने, त्यसैगरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक स्वास्थ्यको अन्तरंग सेवा नहुँदा विरामीहरू महँगो पैसा तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यता रहेको छ । मानसिक स्वास्थ्य लगायत विभिन्न कारणहरूबाट यस प्रदेश अन्तर्गतका जिल्लाहरूमा आत्महत्या गर्नेको संख्या समेत बढ्दै गएको भन्ने पाईएको छ ।

### ३.२.३ शिक्षाको अधिकारको अवस्था

शिक्षाको अधिकारलाई नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय कानूनहरूमा समाविष्ट गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १३, बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २८, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ को धारा २४, दिगो विकासको लक्ष्य नं. ४ तथा राष्ट्रिय कानून तर्फ नेपालको संविधान, मौलिक हक कार्यान्वयन गर्न बनेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ ।

गण्डकी प्रदेश सरकारले अनिवार्य तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशको साक्षरता ७४.८ प्रतिशत रहेकोमा पुरूष साक्षरता ८३.५ प्रतिशत र महिला ६७.७ प्रतिशत रहेको देखिन्छ । प्रदेशमा ३,७२८ सामुदायिक विद्यालय र ५८९ संस्थागत गरी कुल ४,३१७ विद्यालय रहेको छ ।[५] प्रदेश शिक्षा नीति, २०७८ ले विद्यालयको शैक्षिक एवम् भौतिक पक्षहरूलाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री एवम् समावेशी बनाउने, अपाङ्गता भएका र विभिन्न कारणले सिकाई सम्बन्धी समस्यामा रहेका बालबालिकाहरूका सिकाई आवश्यकता पूरा गर्न विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने, सबै तहको शिक्षामा समतामुलक पहूँच सुनिश्चित गर्न गुणस्तर र सार्न्दभिकता अभिवृद्धि गर्ने, विभिन्न प्रकारका अपाङ्गता भएका सुविधाविहिन बालबालिकाहरूका लागि पहुँच सुनिश्चित हुने गरी प्रदेशस्तरमा बहुअपाङ्गता आवासीय विद्यालय स्थापना गरिने लगायतका नीतिगत व्यवस्थाहरू गरेको छ ।

५ स्रोत गण्डकी प्रदेश शिक्षा नीति, २०७८

आयोगको यस कार्यालयबाट लमजुङ जिल्लामा गरिएको अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षाको अधिकार सम्बन्धी अनुगमन तथा छलफल कार्यक्रममा विद्यार्थी भर्ना गर्दा जन्म दर्तालाई अनिवार्य प्रमाणको रूपमा लिने गरिएको र जन्म दर्ताको प्रमाणपत्र नभएका विद्यार्थीहरू अध्ययन गर्न पाएतापनि रजिष्ट्रेसन फाराम भर्न तथा परीक्षा दिनबाट वञ्चित हुनुपर्ने, विद्यालयहरूले प्रत्यक्ष रूपमा भर्ना गर्न इन्कार नगरे पनि आवश्यक प्रमाण अभाव र विद्यालयको अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव जस्ता कारणले विद्यार्थीहरू पठनपाठनको अधिकारबाट वञ्चित हुनुपर्ने, आधारभूत तह (बाल बिकास देखी ८ कक्षा सम्म) का सामुदायिक विद्यालयहरूले कुनै प्रकारको शुल्क लिने नगरेको, केही अंग्रेजी माध्यम चलाएका आधारभूत विद्यालयहरूले भने वार्षिक रूपमा सामान्य अभिभावक सहयोग शुल्क लिने गरेको तर माध्यामिक तहमा भने अधिकांश सामुदायिक विद्यालयहरूले विद्यार्थीहरूबाट मासिक शुल्क भनी नलिएता पनि वार्षिक रूपमा अभिभावकबाट सहयोग शुल्क भनेर लिने गरेको, मानव विकास सूचकांक अनुसार तोकिएको सूचकांक भन्दा पछाडी परेका क्षेत्रका तोकिएको समुदाय, आर्थिक रूपले विपन्न, अपाङ्गता भएका परिवारका बालबालिकालाई नेपाल सरकारको नीति बमोजिम आधारभूत तहसम्म छात्रवृति दिने गरेको तर अहिलेको समय अनुसार अत्यन्तै न्यून रहेको, सामुदायिक विद्यालयका कक्षा ५ सम्म बालबालिकाहरूले दिनहुँ रू. १५ बराबरको दिवा खाजा पाउने गरेकोमा विद्यार्थी संख्या न्यून रहेको विद्यालयमा उक्त रकमले खाजा व्यवस्थापन गर्न कठिनाई पर्ने गरेको, अधिकांश विद्यालयमा मनोसामाजिक परामर्शको लागि कक्ष र कर्मचारी/ विद्यालय नर्स को व्यवस्था नभएको, विभिन्न कारणले विद्यालयमा आधारभूत तहसम्मका विद्यार्थीले विद्यालय छोड्ने गरेका, अपाङ्गता भएका बालबालिकाहरूको लागि स्रोत कक्षाहरूको व्यवस्था भए पनि सोही बमोजिमको शिक्षण सामाग्रीको व्यवस्था पर्याप्त नभएको, शिक्षकहरूले अनुशासनको नाममा लठ्ठीको प्रयोग गरी शारीरिक दण्डका साथै मानसिक भय दिने गरेका, संघीय सरकारले शिक्षा ऐन र नियमावली सम्बन्धी नमूना कानून बनाएर पठाएको र सो कानूनलाई नै कार्यपालिका बैठकबाट पास गरी कार्यान्वयन गर्ने गरिएको तर शिक्षा सम्बन्धी छुट्टै नीति कानून तथा मापदण्ड स्थानीय तहबाट तर्जुमा नभएका, विद्यालय बाहिर रहेका, विद्यालय भर्ना हुन नसकेका, आर्थिक रूपले विपन्न, दलित, अपाङ्गता भएका बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा दिने सम्बन्धमा पालिकाहरूबाट वार्षिक नीति तथा कार्यक्रममा कुनै ठोस नीति, योजना तथा कार्यक्रमहरू समावेश हुन नसकेको भन्ने जस्ता सूचना तथा जानकारीहरू अनुगमनको क्रममा पाइएको छ । प्राप्त तथ्यहरूलाई हेर्दा सबै बालबालिकाहरूको शिक्षामा समान पहुँच सुनिश्चित हुन नसकेको, अपाङ्गता भएका बालबालिकाहरू, सडक बालबालिकाहरू, सिमान्तकृत वर्गका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका, विद्यालय छोड्ने बालबालिकाको संख्यामा उल्लेख्य सुधार आउन नसकेको, विद्यालयका भौतिक संरचनाहरू अपाङ्गतामैत्री बन्न नसकेका, विद्यालयमा शारीरिक तथा मानसिक दण्ड सजाय हट्न नसकेको जस्ता अवस्था कायम नै देखिन्छ । हाल छात्राहरूको लागि स्यानिटरी प्याड, छात्रवृत्तिको व्यवस्था, दलित तथा अपाङ्गता छात्रवृत्ति, दिवा खाजा जस्ता कार्यक्रमले बालबालिकाहरूको कक्षा छोडने अवस्थामा केही सुधार आएको देखिन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेतापनि बालबालिकाहरूसँग शुल्कहरू लिने गरेको पाइएको छ ।

### ३.२.४ वातावरण र विकासको अधिकारको अवस्था

संविधान तथा विभिन्न ऐन कानूनहरूले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । त्यस्तै नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले पनि स्वच्छ र स्वस्थ्य वातावरण एवम् विकासको अधिकारको प्रत्याभूत गरेका छन् । वातावरण र विकास बीच समाञ्जस्यता कायम

हुन नसक्दा नागरिकको मानव अधिकार प्रचलनमा समस्या देखिएको छ । मानवलाई केन्द्र विन्दुमा राखी विकासका क्रियाकलापहरू सञ्चालन हुन नसक्दा विकासको नाममा विभिन्न वातावरणीय समस्याहरू बढ्दै गएका छन् । यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा विकासका नाममा प्राविधिक रेखाङ्कन विना सडक निर्माण लगायतका कार्यले बाढी, पहिरो, सवारी दुर्घटना जस्ता घटनाहरूमा वृद्धि हुँदै जाँदा ठुलो जनधनको क्षति हुन पुगेको छ । प्लाष्टिकजन्य सामाग्रीको अत्याधिक अव्यस्थित प्रयोग, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जनको अवस्थाले नागरिकहरूमा स्वास्थ्य समस्या बढ्दै गएको, प्राकृतिक स्रोत साधनको अत्याधिक दोहनले प्राकृतिक विपद्, जलवायु परिवर्तन, विविध खाले प्रदूषणमा वृद्धि जस्ता समस्याहरू बढ्दै गएको भन्ने आयोगको यस कार्यालयबाट भएका अनुगमन तथा छलफलबाट पाइएको छ । यस आ.व.को चैत, वैशाखमा देशव्यापीरूपमा फैलिएको डढेलो तथा आगजनीका घटनाहरूले मानवीय तथा भौतिक क्षति हुनुका साथै वातावरण र स्वास्थ्यमा समेत प्रतिकुल असर पुऱ्याएको थियो । गण्डकी प्रदेशका सबै जिल्लामा यसको प्रभाव देखिई वायु प्रदुषणले मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने विज्ञहरूको भनाई रहेको थियो । यस विषयमा आयोगको यस कार्यालयले प्रदेश सरकारलाई पत्राचार समेत गरेको थियो । आयोगको यस कार्यालयमा पर्वतको मल्लाज, कोटघर, लेकफाँट हुँदै नागी मोटरबाटो स्तरोन्नतिको क्रममा ऐतिहासिक कुवा, पानी पधेरा, चौतारा मासिएका, सडकमा हिलो र धुलोले नागरिकको जनस्वास्थ्यमा असर गरेको, सडक छेउ बस्तीका बासिन्दाहरूमा रूघाखोकी, दम र निमोनिया बढ्ने जोखिम रहेको, मोदी गाउँपालिका भई बग्ने रती खोलाको अनियन्त्रित अवैध दोहनले वातावरणमा नकारात्मक असर पर्ने, बाढी पहिरोको सम्भावनालाई बढाउने हुँदा संरक्षणको लागि निवेदनहरू प्राप्त भएका थिए । अव्यवस्थित शहरीकरण, मानव अधिकारमुखी विकास पद्दतिको अवलम्बन नहुनु, अन्तरसरकारी निकायहरूको समन्वयको अभाव, ऐन कानूनको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता कारणले वातावरण र विकासको अधिकार सुनिश्चित हुन सकेको छैन ।

### ३.३ महिला अधिकार

महिला अधिकार महिला भएकै नाताले प्राप्त गर्ने अधिकारहरू हुन् । यसका अलावा महिला भएकै नाताले प्राप्त गर्ने केही विशेष अधिकारहरू पनि यस भित्र पर्दछन् । यी सबै अधिकारहरू महिलाले बिना भेदभाव प्राप्त गर्न पाउनुपर्दछ । महिलाको अधिकारलाई नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा प्रचलित नेपाल कानूनहरूमा सुरक्षित गरिएको छ । महिला अधिकार संरक्षण र संवर्धनका लागि भएका सकारात्मक प्रयासका बाबजुद अझै पनि अधिकारको पूर्ण उपभोग गर्न पाएको स्थिति देखिँदैन । समाजमा विद्यमान कुरीति, कुसंस्कार, पितृसत्तात्मक सोच आदिका कारण अहिले पनि महिलाहरू आर्थिक, सामाजिक, मानसिक, यौनजन्य हिंसाबाट प्रताडित हुनुपरेको अवस्था छ । राज्यले समावेशीकरणको नीति अवलम्बन गरेपछि राज्यका निकायहरूमा महिलाहरूको सहभागितामा वृद्धि हुँदै गइरहेको अवस्था देखिन्छ । ६० सदस्यीय गण्डकी प्रदेश सभामा २१ जना महिला प्रतिनिधित्व रहेको छ ।[६] त्यसैगरी ८५ स्थानीय तहका ३,९३७ जनप्रतिनिधिमध्ये १,६२३ (४१%) महिला जनप्रतिनीधि रहेका छन् ।[७]

प्रदेश नीति तथा योजना आयोगको दोस्रो पञ्चवर्षीय योजनाको आधारपत्र, २०८० अनुसार गण्डकी प्रदेशमा महिला परिवारमूली भएका परिवार ४१ प्रतिशत, महिला साक्षरता दर ७५.३ प्रतिशत (राष्ट्रिय ६९.४ प्रतिशत), प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट अनुपात ५९ प्रतिशत (आ.व.२०७९/८० सम्म) र महिलाको नाममा घर वा

६ https://pradeshsabha.gandaki.gov.np/PradeshSava/Members

७ https://election.gov.np/admin/public//storage/Election_Result_Book_2079/RB_04_Gandaki_Province.pdf

जग्गा वा घर जग्गा दुवैमा स्वामित्व भएको २८.३ प्रतिशत पुगेको देखिएको छ ।[८]

यस प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको वालिङमा घरेलु हिंसा भएको भनी आयोगको फेसबुक पेजमा आएको जानकारीको बारेमा आवश्यक परामर्श दिइएको थियो भने न्यायिक समितिले गरेको निर्णय कार्यान्वयन नभएको भनी पर्न आएको निवेदनको सम्बन्धमा पोखरा महानगरपालिकासँग जानकारी माग गरी पत्राचार गरिएको थियो । न्यायिक तथा अर्ध-न्यायिक निकायहरूबाट महिला अधिकार संरक्षणका लागि भएका निर्णय/फैसलाहरू हुने गरेतापनि ति फैसलाहरूको प्रभावकारी कार्यान्वयन नहुँदा पीडितहरूले न्यायको महशुस गर्न नसकेको देखिन्छ ।

गण्डकी प्रदेशमा महिला अधिकार संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले लैङ्गिक समानता र सामाजिक समावेशीकरण निर्देशिका, २०७७, हिंसा पीडित एवम् मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुऱ्याई एकीकृत सेवा प्रदान गरी दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि प्रादेशिक पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड, २०७८, गण्डकी प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८, हिंसा प्रभावितहरूको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६, एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याइएको छ भने गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको छ । गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत गर्भवती तथा सुत्केरी महिलाहरूलाई आपतकालीन स्वास्थ्य अवस्थामा उद्धारका लागि **"एयर एम्बुलेन्स"** व्यवस्था, महिला सशक्तिकरणका लागि **"सक्षम महिलाः समानान्तर पाइला"** कार्यक्रम, हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक कार्यक्रम, एकल महिला, हिंसा पीडित महिला लगायतको अधिकार संरक्षण र आर्थिक तथा सामाजिक अवस्थाको सुदृढीकरणको लागि सीपमूलक तथा व्यवसायिक तालिम कार्यक्रमको व्यवस्था गरेको देखिन्छ । घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार, बलात्कार, बहु विवाह, पारिश्रमिकमा विभेद जस्ता समस्याहरू रहेका छन् ।

## ३.४ बालबालिकाको अधिकार

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिकाका रूपमा परिभाषित गरेका छन् । उक्त कानूनहरूमा बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई मुख्य स्तम्भका रूपमा लिइएको छ ।

प्रदेश नीति तथा योजना आयोगको प्रथम पञ्चवर्षीय योजनाको तथ्यांक अनुसार आधार वर्ष २०७५/७६ मा गण्डकी प्रदेशमा ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २७ र शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २३ रहेकोमा आर्थिक वर्ष २०७९/८० सम्म ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ३३, शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २३ रहेको छ ।[९]

---

८ दोस्रो पञ्चवर्षीय योजना आधारपत्र, २०८०, गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरा ।

९ प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)

बालबालिकाको स्वास्थ्य अधिकार सुनिश्चितताको लागि प्रदेशमा नियमित खोप कार्यक्रमहरू सञ्चालन, बालबालिकाको पोषणस्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पूरा नगरी बीचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवा खाजा कार्यक्रम लागू, विद्यालयहरूमा सिमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्तिको व्यवस्था, सेनीटरी प्याड सहितको छात्रा शौचालयको व्यवस्था, बाल अधिकारको बारेमा सचेतनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवशका अवसरमा बाल प्रतिभा छनौट लगायतका विविध सचेतनामूलक र सन्देशमूलक कार्यक्रम सञ्चालन, प्रदेश बाल परिषद् तथा बाल क्लबहरू गठन जस्ता सकारात्मक कार्यहरू भएको पाइएको छ । तथापि प्रचलित कानूनले निर्दिष्ट गरेको बालसंरक्षण समितिको गठन, बालकल्याण अधिकारीहरू तोक्ने कार्य, बालमैत्री स्थानीय शासन सञ्चालन जस्ता प्रावधानहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको आयोगको अनुगमनबाट पाइएको छ । गरिब र सिमान्तकृत वर्गका बालबालिकाको शिक्षा र स्वास्थ्यमा पहुँच, हिंसा, यौनजन्य दुर्व्यवहार, बलात्कार, बालश्रम, बेचबिखन, सडक आश्रित बालबालिकाका सवालहरूको प्रभावकारी सम्बोधन हुन नसक्दा बाल अधिकार उपभोगमा बाधा पुगेको देखिन्छ । यसै अवधिमा गण्डकी प्रदेशका ११ जिल्लामध्ये स्याङ्जा, म्याग्दी, बागलुङ, तनहुँ र कास्की जिल्लालाई प्रदेश सरकारबाट पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । विद्यालयहरूमा बालबालिकामाथि शारीरिक दण्ड दिइने कार्यको अन्त्य हुन सकेको छैन । मिति २०८० चैत ४ गते लमजुङ जिल्लाको सुन्दरबजार नगरपालिका वडा नं. ७ स्थित बालज्योति अंग्रेजी मा.वि.का शिक्षिकाले कक्षा ५ मा अध्ययनरत वर्ष ११ की छात्रालाई बाँसको लठ्ठीले दुवै खुट्टाका पिँडुलामा निलडाम बस्ने गरी कुटपिट गरेको पाइयो ।[१०] त्यसैगरी २०८१ जेठ २१ गते पोखरा महानगरपालिका वडा नं. ३२, कास्की स्थित युनिभर्स इंग्लिस बोर्डिङ स्कुलका शिक्षकले कक्षा ५ मा अध्ययनरत ९ वर्षका एक विद्यार्थीलाई कुटपिट गरी घाइते बनाएको सञ्चार अनुगमनका क्रममा पाइएको थियो ।[११] त्यसैगरी पोखरा उद्योग वाणिज्य संघ अन्तर्गतको सामाजिक विकास केन्द्रले बाल श्रमिकको अवस्था सम्बन्धमा गरेको सर्वेक्षणमा पोखरा महानगरभित्र १,०८१ बालक र २८८ बालिका गरी १,३६९ बालश्रमिक रहेको सञ्चार अनुगमनको क्रममा पाइएको छ ।[१२]

गण्डकी प्रदेशमा बालबालिकाको अधिकार संरक्षणको लागि आवधिक योजना, गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८, लक्षित, विपन्न समूहका, अभिभावक विहिन बालबालिकाहरूका लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धी कार्यविधि, २०७६, सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सञ्चालन मापदण्ड, २०७७ लगायतका नीतिगत र कानूनी व्यवस्था गरिएको छ । गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत नवजात शिशुको आपतकालीन स्वास्थ्य अवस्थामा उद्धारका लागि **"एयर एम्बुलेन्स"** व्यवस्था, **"पूर्ण संस्थागत सुत्केरी प्रदेश"** अभियान, जेहेन्दार, दलित, असहाय, आदि विद्यार्थीलाई छात्रवृत्ति जस्ता व्यवस्थाहरू गरेको देखिन्छ ।

## ३.५ यातना विरूद्धको अधिकार

कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारिक क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने

१० २०८० चैत ५ गतेको तगारो न्यूज ( https://www.tagaronews.com/detail/666)

११ २०८१ जेठ २१ गतेको अनलाइनखबर ( https://www.onlinekhabar.com/2024/06/1489859)

१२ २०८१ असार २३ गतेको समाधान राष्ट्रिय दैनिक ( https://www.samadhannews.com/2024/06/30/90155/)

वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानी जानी दिईएको शारिरीक वा मानसिक कठोर पीडा वा कष्टलाई यातनाको रूपमा परिभाषित गरिएको छ । यस परिभाषाले यातना हुनका लागि सार्वजनिक पदाधिकारीको प्रत्यक्ष वा परोक्ष संलग्नताको परिकल्पना गरेको छ । यातनालाई पनि मानवता विरूद्धको गम्भीर अपराधको रूपमा लिईन्छ । नेपाल समेत पक्ष राष्ट्र भएको यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धि, १९८४ ले कुनै पनि व्यक्तिलाई यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने व्यवस्था गरेको छ । नेपालको प्रचलित कानूनले पनि यातनाविरूद्धका विभिन्न व्यवस्थाहरू गरेको छ । नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, स्वच्छ सुनुवाईको हक हुने लगायतका व्यवस्था, धारा २२ मा यातना विरूद्धको हकको व्यवस्था गरेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ मा यातना दिन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने लगायतका व्यवस्थाहरू रहेका छन् । नयाँ भौतिक संरचनाहरूको अभावमा धेरैजसो हिरासत तथा कारागार हरूमा क्षमताभन्दा बढी कैदीबन्दीहरू राखिने गरिएको, कतिपय हिरासत तथा कारागारको भौतिक संरचनाहरू जीर्ण रहेका र खानेपानी तथा सरसफाईको समस्या समेत रहेको पाईन्छ । प्रहरी कार्यालयहरू स्रोत साधन सम्पन्न नहुँदा र अनुसन्धान प्रक्रियामा बैज्ञानिक पद्धतिहरू अवलम्बन नगरिँदा अझै पनि यातना दिने कार्य पूर्ण रूपमा अन्त्य हुन सकेको छैन ।

## ३.६ बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार र सङ्क्रमणकालीन न्यायको अवस्था

२०५२ साल फाल्गुण १ गते देखि शुरू भएको सशस्त्र द्वन्द्वका क्रममा राज्य र तत्कालीन ने.क.पा.माओवादी पक्षबाट नागरिकलाई बलपूर्वक बेपत्ता पार्ने कार्य भएको थियो । बलपूर्वक बेपत्ता पार्ने कार्यविरूद्धको महासन्धि, २००६ लगायत अन्य अन्तर्राष्ट्रिय कानूनहरूले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरूद्धको अपराधका रूपमा व्याख्या गरेको पाईन्छ । नेपालले पनि बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रूपमा स्वीकार गरेको छ । यसरी बेपत्ता पारिएका नागरिकहरूको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । नेपाल सरकार र तत्कालीन ने.क.पा.माओवादी बीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने उल्लेख भएतापनि हालसम्म उनीहरूको अवस्था सार्वजनिक हुन नसक्दा नागरिकको सत्य जान्न पाउने र न्याय प्राप्त गर्ने अधिकारबाट पीडित परिवारहरू वञ्चित भएको अवस्था छ । आयोगको अनुसन्धानका क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकका हकवालाले राज्यले घोषणा गरेको राहत, सुविधाहरू प्राप्त गरेको पाइएतापनि उनीहरूको अवस्था सार्वजनिक हुन नसक्दा पीडा र अन्योलमा बाँचिरहन परेको गुनासो पाइएको छ । बेपत्ता पारिएका नागरिकहरूको खोजी गर्ने र सत्य पत्ता लगाउने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोग गठन भएको र निरन्तर कार्य गरिरहको भए पनि परिणाम आउन सकेको छैन । उक्त आयोगहरूको गठन प्रक्रिया र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कानून नआएको भनी पीडितका परिवार र सरोकारवालाहरूले आवाज उठाउँदै आएका छन् । आयोगको यस गण्डकी प्रदेश कार्यालय, पोखरामा बेपत्ता पारिएको भनी परेका उजुरीहरूको अनुसन्धान कार्य जारी रहेको छ ।

सशस्त्र द्वन्द्वबाट गुज्रिएका मुलुकहरूमा दिगो शान्ति स्थापनाका लागि सङ्क्रमणकालीन न्यायको अवधारणा विकास भएको पाईन्छ । सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भिर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्यको खोजी गर्ने, वास्तविक तथ्य सार्वजनिक गरी समाजमा

मेलमिलापको वातावरण निर्माण गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने र गम्भिर अपराधमा संलग्न व्यक्तिलाई कारवाही सिफारीस गर्ने मुख्य उद्देश्यका साथ सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको व्यवस्था गरिएको हुन्छ । नेपालमा झण्डै एक दशक चलेको सशस्त्र द्वन्द्वका कारण राज्य र तत्कालीन ने.क.पा माओवादी पक्षबाट भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका पीडित परिवारले हालसम्म पनि न्याय प्राप्त गर्न सकेका छैनन् । संक्रमणकालीन न्यायका संयन्त्रको रूपमा २०७१ साल माघ २८ गते सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको स्थापना भएतापनि प्रभावकारी रूपमा कार्य हुन नसक्दा संक्रमणकालीन न्याय प्रक्रिया टुंगोमा पुग्न सकेको छैन । यसले द्वन्द्व पीडितहरूमा थप निरासा र पिडा थपिन पुगेको अवस्था छ । सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न तर्जुमा गरिएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा सो ऐनलाई संसोधन गर्न बनेको विधेयक, २०७९ प्रति पीडित परिवार र सरोकारवालाहरूले उक्त विधेयक सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानून, मूल्य, मान्यता बमोजिम नभएको र पीडकलाई उन्मूक्ति दिने खालका प्रावधानहरू राखेको भनेर पीडित र सरोकारवालाले आवाज उठाएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले समेत उक्त विधेयकका सम्बन्धमा मिति २०७९/४/२९ गते नेपाल सरकार समक्ष १२ बुँदे सुझाव पेश गरेको, प्रस्तावित विधेयक उपर आयोगले राय सुझाव र धारणाहरू सार्वजनिक गरेको छ[१३] । गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत द्वन्द्वपीडित, शहिद परिवार, बेपत्ता परिवारको आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि जीविकोपार्जन, उद्यमशिलता तथा रोजगारी प्रवर्द्धनात्मक कार्यक्रम, शहिद तथा बेपत्ता परिवार र द्वन्द्वपीडित लगायतको स्वास्थ्य बीमा कार्यक्रमलाई प्रदेशको समेत सहभागितामा सर्वसुलभ र पहुँचयोग्य बनाइने लगायत व्यवस्था गरेको छ । लामो समयसम्म सङ्क्रमणकालीन न्यायको विषयले प्राथमिकता नपाउँदा पीडित पीडित नै रहनु परेको अवस्था छ ।

### ३.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता मानवीय विविधताको एउटा पाटो हो । अपाङ्गता भित्रपनि विविधता रहेको र सो को सम्मान र संरक्षण गर्नु राज्यको दायित्व हो । नेपालको संविधान, २०७२ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली २०७७, अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३, अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९, अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना (२०७३-२०८२), दिगो विकास लक्ष्य (सन् २०१६-२०३०), गण्डकी प्रदेशको अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०७९ जस्ता ऐन, कानून तथा नीति निर्देशिका तथा लक्ष्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, संवर्धनमा विविध व्यवस्थाहरू गरेका छन् । साथै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ र यसको स्वेच्छिक आलेखको नेपाल पक्ष राष्ट्र भईसकेको छ । उल्लेखित संविधान, अन्तर्राष्ट्रिय सन्धि, ऐन तथा विभिन्न नीति तथा निर्देशिकाहरूले अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, न्यायमा पहुँच, भेदभाव विरूद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, राजनीतिमा सहभागिता, नीति निर्माणमा सहभागिता, सूचना तथा सञ्चारमा पहुँच, साँस्कृतिक जीवनमा सहभागी हुने लगायतका अधिकारहरूको व्यवस्था गरेको छ ।

संविधान, ऐन कानूनमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा संवर्धनको लागि विविध व्यवस्थाहरू रहेको भएपनि ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयन नहुँदा व्यवहारिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूले

१३ राष्ट्रिय मानव अधिकार आयोग र सङ्क्रमणकालीन न्याय https://www.nhrcnepal.org/uploads/publication/Transistional_Justice_and_NHRC_Nepal_2081.pdf

मानव अधिकार उपभोगको महशुस गर्न सकेको अवस्था देखिदैन । आयोगको यस कार्यालयमा प्राप्त हुने सूचना, जानकारी तथा कार्यालयबाट प्रदेश अन्तर्गतका जिल्लाहरूमा गरिएको अनुगमन, छलफलबाट प्राप्त तथ्यहरूलाई हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क संकलन नहुनु, अपाङ्गताको आधारमा हुने विभेद कायम नै रहेको, अपाङ्गता भएका व्यक्तिहरूको नीति निर्माण लगायत विविध सवालहरूमा पनि सहभागिता हुने नगरेको, प्रादेशिक सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा क्रियाशील संघ संस्थाहरूलाई पर्याप्त रकम उपलब्ध नगराइनु र पहुँचका आधारमा मात्र बजेट उपलब्ध गराउने गरेको, प्रदेश सरकारबाट अपाङ्गता अधिकार सम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न नसकेको, अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच, सूचना तथा सञ्चारमा पहुँच, भौतिक संरचनाहरूमा पहुँच सुनिश्चित हुन नसकेको जस्ता समस्या तथा गुनासोहरू पाइएको छ । अपाङ्गता भएका व्यक्तिहरूको लागि उच्च शिक्षासम्म निःशुल्क अध्ययनको व्यवस्था संविधानले गरेको भएपनि स्रोतकक्षा सञ्चालन भएको अमर सिंह माध्यामिक विद्यालय, कास्कीले शुल्क लिएको भनी आयोगको यस कार्यालयमा निवेदन प्राप्त भई सो विषयमा आवश्यक कारवाही समेत अगाडि बढाईएको थियो । स्थानीय तहहरूबाट तर्जुमा हुने वार्षिक नीति तथा कार्यक्रम र बजेट समावेशी हुन नसक्दा अपाङ्गता वर्ग वहिष्करणमा परेको भनी स्थानीय तहहरूलाई आवश्यक पत्राचार तथा अनुगमनको लागि प्राप्त निवेदनमा यस कार्यालयले गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरूमा अपाङ्गता समावेशी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा पत्राचार गरेको थियो ।

शिक्षा, स्वास्थ्य, रोजगार, सामुदायिक जीवन, पर्याप्त जीवनस्तर, सहयोगी सेवा जस्ता अधिकार कार्यान्वयनको अवस्था प्रभावकारी हुन सकेको देखिदैन । नयाँ नियुक्ति तथा सरूवा भएर एक विद्यालयबाट अर्को विद्यालयमा जाँदा अपाङ्गता भएका शिक्षकहरूलाई विद्यालयले भौगालिक विकटता, अपाङ्गतामैत्री वातावरण नभएको जस्ता कारण देखाई हाजिर गराउन नदिने, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली, २०७७ ले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार व्यक्तिगत सहयोगी सेवा, दैनिक हेरचाह तथा स्याहार सेवा लगायतका सेवा उपलब्ध गराउने भनी उल्लेख भए पनि कार्यान्वयन नभएको पाइएको छ । सार्वजनिक स्थल तथा सरकारी संरचनाहरूमा अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव, सूचना तथा सञ्चारमा सहज पहुँचको अभाव, सार्वजनिक निकायका सूचना सामग्रीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त नभएका, स्वास्थ्य संस्था लगायत बढी जनसम्पर्क हुने सरकारी कार्यालयहरूमा दोभाषेको व्यवस्था नहुँदा सुनुवाई तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूले सेवा लिनमा कठिनाई भोग्नुपरेको छ । भौतिक संरचना, प्रक्रियागत झन्झट, कानूनी सचेतनाको अभाव जस्ता अवस्थाले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहूँच सुनिश्चित हुन सकेको देखिदैन ।

मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू अझै पनि उपचार अभावमा खोरमा थुनिनुपर्ने, बाधिएर बस्नुपर्ने तथा अमानवीय जीवन विताउन परेको अवस्था कायम नै छ । अपाङ्गता भएका बालबालिकालाई विद्यालयले भर्ना लिन अस्वीकार गर्ने, अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको दृष्टिकोणबाट भन्दा पनि दया मायाका दृष्टिले हेर्ने गरेको पाइएको छ ।

## ३.८ जातिय भेदभाव विरूद्धको अधिकारको अवस्था

नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरूद्धको हक, धारा ४० मा दलितको हक, शिक्षा ऐन, २०२८ (शिक्षा सम्बन्धी केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन, २०७७), भूमि सम्बन्धी (आठौं संसोधन) ऐन, २०७६, जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लगायतका कानूनमा भएको व्यवस्था र तीन तहका सरकार, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग लगायतका संस्थागत व्यवस्था र मानव अधिकारको विषयमा नेपाल पक्ष भएको जातिय भेदभाव विरूद्धको महासन्धि (CERD), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि (ICCPR) मार्फत अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता, अदालतले गरेका फैसला तथा संवैधानिक निकायबाट गरिएका सिफारिस लगायतका व्यवस्था हेर्दा दलित अधिकारको विषयमा राज्यबाट सकारात्मक प्रयास भएको देखिन्छ। तर संविधान तथा कानूनी रूपमा जातिय विभेद विरूद्धको हकलाई सुनिश्चित गरिए पनि व्यवहारमा दलित समुदायले कुनै न कुनै प्रकारको विभेदको सामना गरि रहनु परेको आयोगको अनुगमनका क्रममा पाइएको छ । राजनीतिक, सामाजिक, साँस्कृतिक रूपमा दलित समुदायमाथि हुने विभेद नरोकिएको भन्दै त्यस विरूद्ध प्रभावकारी रूपमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने पाइएको छ । संविधानले व्यवस्था गरेको समावेशी सिद्धान्त अनुसार राज्यका विभिन्न निकायमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ ।

आयोगले विभिन्न जिल्लामा गरिएको अनुगमनबाट दलित समुदायको मानव अधिकार अवस्था सन्तोषजनक नभएको, व्यवहारिकतामा अप्रत्यक्ष रूपबाट विभिन्न विभेदको सामना गर्नु परेको, आफ्नो परम्परागत पेशा, ज्ञान, सीपको प्रयोग, संरक्षण र विकास गर्ने हकको सुनिश्चित नभएको, सार्वजनिक स्थल, सामाजिक कार्य तथा मठ मन्दिर प्रवेश  गर्न अवरोध भएको, दुग्ध पदार्थ संकलन तथा वितरणमा समेत अप्रत्यक्ष रूपबाट विभेद गर्ने गरिएको, अन्तरजातीय विवाहलाई सहज रूपमा स्वीकार गर्न नसकिएको र दलित समुदायको सशक्तिकरण तथा विकासमा प्रर्याप्त ध्यान पुऱ्याउन नसकेको पाइएको छ । दलित समुदायमाथि हुने गरेका विभेदका घटनामा स्थानीय समुदाय स्तरबाट मिलापत्र गर्ने गरिएको साथै कानूनी सचेतनाको अभावले न्यायिक पहुँचमा कठिनाई हुने गरेको पाइएको छ ।

## ३.९ आप्रवासी कामदारहरूको अधिकार

नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वैदेशिक रोजगार नीति, २०६८ लगायतले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन विभिन्न व्यवस्थाहरू गर्नुका साथै कार्यान्वयनको लागि विभिन्न संस्थागत संरचनाहरू समेत रहेका छन् । त्यस्तै गण्डकी प्रदेश सरकारले प्रदेशमा रहेको श्रमयोग्य जनशक्तिलाई सुरक्षित र मर्यादित बनाउन श्रम तथा रोजगार नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । नीतिले सुरक्षित र मर्यादित कामको अवसर जुटाई रोजगारीको प्रवर्द्धन गर्नु, युवा लक्षित रोजगारका अवसर सिर्जना गर्नु, श्रम सम्बन्धलाई सुमधुर बनाई रोजगारमैत्री लगानीको वातावरण बनाउनु, वैदेशिक रोजगारीमा रहेका कामदारको व्यवस्थापन गर्नु र वैदेशिक रोजगारका कारण सिर्जित सामाजिक लागत र द्वन्द्वलाई न्यूनीकरण गर्नु जस्ता उद्देश्यहरू नीतिले लिएको छ । त्यस्तै वैदेशिक रोजगारीमा संलग्न कामदारलाई आवश्यक सूचना, सीप, तालिम र न्यायको पहुँच बढाउँदै यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र लाभयुक्त बनाउने, वैदेशिक रोजगारीबाट फर्केका कामदारहरूले आर्जन गरेको अनुभव, ज्ञान, सीप, क्षमता, प्रविधि र पूँजीको अधिकतम सदुपयोग गरी स्थानीयस्तर मै स्वरोजगारी तथा रोजगार सिर्जना गर्नु, वैदेशिक रोजगारका कारण सिर्जित पारिवारिक विखण्डन, द्वन्द्व, हिंसा र शोषणका घटना, बालबालिका र ज्येष्ठ नागरिकको जीवनयापनमा परेका समस्या

निराकरण गर्न स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारीका सिलसिलामा रहेका कामदार वा उनका परिवारका सदस्यहरूको मानसिक, शारीरिक वा अन्य पीडा तथा समस्याको अध्ययन गरी समस्याको सम्बोधन गर्ने लगायतका विषयहरू नीतिले लिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वैदेशिक रोजगारी क्षेत्रको तथ्याङ्क संकलन लगायत केही अधिकारहरू स्थानीय तहलाई प्रदान गरेको छ । सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना तथा तथ्याङ्क संकलन र व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग जस्ता कामको जिम्मेवारी ऐनले स्थानीय तहलाई दिएको छ ।

यस कार्यालयबाट गरिएको अनुगमन तथा अन्तरक्रियामा जिल्लामा वैदेशिक रोजगारीमा जानुपूर्व अभिमुखीकरण तालिम दिने संस्थाहरू नभएको, वैदेशिक रोजगारीमा लैजाने भनेर ठगी गरेको भनी जिल्ला प्रशासन कार्यालयमा पीडितहरू आउने गरेको तर पर्याप्त प्रमाण नहुने गरेको र त्यस्ता व्यक्तिको ठाडो उजुरी लिई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाईने गरेको, हाल स्थानीय पालिकाबाट पुनःश्रम स्वीकृति लिने व्यवस्था हुँदा वैदेशिक रोजगारमा जाने श्रमिकहरूको लागि श्रम स्वीकृति लिनमा केही सहजता भएको, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई स्वरोजगारका लागि पालिकास्तरबाट ठोस नीति तथा कार्यक्रमहरू सञ्चालन हुन नसकेको, नेपाल सरकारद्वारा लागू गरिएको निःशुल्क भिसा, निःशुल्क टिकटको प्रभावकारी कार्यान्वयन हुन नसकेको, वैदेशिक रोजगारीले पारिवारिक विखण्डन बढाएको, वैदेशिक रोजगारमा देखिएका समस्या र पीडाका कारण नागरिकहरू मानसिक स्वास्थ्य समस्या अनुभव गर्ने गरेका, वैदेशिक रोजगारीसँग सम्बन्धित सबै काम केन्द्रिकृत भएको कारण वैदेशिक रोजगारीमा जाने कामदारको लागत बढ्ने गरेको, अनावश्यक झन्झट व्यहोर्नु परेको र सहज न्यायमा पहुँच सुनिश्चित हुन नसकेको, स्थानीय तहहरूले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन, बेरोजगारको तथ्यांक संकलन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण कार्यक्रमहरू समावेश गर्न नसकेको, स्थानीय तहहरूबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पर्याप्त सूचना तथा सचेतना हुन नसकेको, वैदेशिक रोजगारीमा ठगीमा संलग्नहरू प्रायजसो आफन्त, नजिकका चिनेजानेका व्यक्तिहरू नै हुने गरेका, म्यानपावर कम्पनीहरूले दुई वटा सम्झौता पत्र बनाएर रोजगारीमा जानेहरूलाई ठगी गर्ने गरेको जस्ता सूचना तथा जानकारीहरू प्राप्त हुन आएका थिए ।

उल्लेखित अवस्थाले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने ऐन, कानूनहरूको प्रभावकारी कार्यान्वयन नहुँदा नागरिकहरू वैदेशिक रोजगारीको लागि देशमै र विदेशमा पनि ठगिने गरेको, पारिवारिक विखण्डन हुने गरेको, गन्तव्य मुलुकमा जबरजस्ती श्रममा लगाउने, यौनशोषणमा परेको, यातना तथा कुटपिटको सामना गर्नुपर्ने तथा विदेशस्थित कुटनीतिक नियोगहरूबाट उचित सहयोग प्राप्त नभएको भन्ने जस्ता समस्याहरू वैदेशिक रोजगारमा संलग्न नागरिकहरूले भोग्नु परेको पाइएको छ । आप्रवासी कामदार हरूको मानव अधिकार संरक्षण र संवर्धनमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको व्यवस्थाका साथै संस्थागत व्यवस्थाहरू भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा आप्रवासी श्रमिकहरूले उत्पति देश (Country of origin), बाटोमा पर्ने देश (Country of transit) र गन्तव्य देश (Destination country)मा विभिन्न समस्याहरू झेल्नु परेको छ ।

## ३.१० आदिवासी जनजातिहरूको अधिकार

आदिवासी जनजातिहरूको मानव अधिकार संरक्षण र संवर्धन गर्नको लागि राज्यले संविधान तथा ऐन कानूनहरूको व्यवस्था साथै अन्तर्राष्ट्रिय रूपमा आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि नं १६९, आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र, २००७ (UNDRIP)ले आदिवासीहरूको मानव अधिकारलाई सुनिश्चित गरेको छ । उल्लेखित महासन्धि तथा घोषणापत्रले आदिवासी जनजातिहरूको पहिचानको अधिकार, आत्मनिर्णयको अधिकार, स्वशासनको अधिकार, परामर्शको अधिकार, सहभागिताको अधिकार, भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोत सम्बन्धी अधिकार, स्वतन्त्र अग्रिम र सुसूचित सहमति, समावेशिताको अधिकार, भाषिक, स्वास्थ्य, शिक्षा लगायतका अधिकारहरूको व्यवस्था गरेको छ । आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि नं १६९ को नेपाल पक्ष राष्ट्र समेत भएको छ ।

आयोगको यस कार्यालयबाट आदिवासी जनजातिहरूको अधिकार संरक्षण र संवर्धनको लागि उजुरी ग्रहण गर्ने, उजुरीउपर अनुगमन ,अनुसन्धान गर्ने तथा विभिन्न संवर्धनात्मक गतिविधिहरू सम्पादन गर्दै आईरहेको छ । विकास निर्माण लगायत हाईड्रोपावर निर्माण तथा हाईटेन्सन लाईन विस्तारको क्रममा आदिवासी जनजातिहरूसँग स्वतन्त्र, अग्रिम र सुसूचित सहमति लिने नगरिएको, आदिवासी जनजातिहरू लाई पर्याप्त मात्रामा सहभागिता गराउने नगरिएको तथा महासन्धि नं १६९ कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना हालसम्म पनि स्वीकृत गरी कार्यान्वयन हुन नसकेको जस्ता सवालहरू आयोगको अनुगमन तथा छलफलको क्रममा सहभागीहरूबाट व्यक्त भएको पाईन्छ । आयोगको विभिन्न जिल्लामा निर्माणाधिन हाईड्रोपावर निर्माण तथा हाईटेन्सन लाईन विस्तार गर्दा आदिवासी जनजातिहरूसँग पर्याप्त मात्रामा परामर्श तथा सहभागिता नगराएको, स्वतन्त्र, अग्रिम र सुसूचित सहमति नलिई निर्माण कार्य अगाडि बढाएको, उचित मुआब्जा र शान्तिसुरक्षा सँग सम्बन्धित निवेदन तथा गुनासोहरू प्राप्त भएका छन् ।

## ३.११ ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ अनुसार ६० वर्ष उमेर पुगेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिक मानिएको छ । वास्तवमा ज्येष्ठ नागरिकलाई अनुभवका खानी, ज्ञानका भण्डार तथा राष्ट्रका मार्गदर्शकका रूपमा लिइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लगायत अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको अधिकारलाई संरक्षण गरिएको छ । ज्येष्ठ नागरिकको सम्मान गरौं, उनीहरूमाथि कुनैपनि हिंसा, दुर्व्यवहार, अपमानजनक व्यवहार, हेला नगरौं भनी नयाँ पुस्तालाई सन्देश दिने तथा समाजमा सचेतना पुऱ्याउने जस्ता कार्यक्रमहरू विभिन्न संघ संस्था तथा निकायहरूबाट सञ्चालन गरिएको भएपनि समाजमा ज्येष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार हुन नसकेको आयोगको अनुगमनबाट पाइएको छ । यस प्रकारका हिंसा, दुर्व्यवहार, हेला होचो गर्ने जस्ता घटनाका कारण ज्येष्ठ नागरिकले सम्मानजनक रूपमा आफ्नो अधिकारको उपभोग गर्नबाट वञ्चित हुनु परेको पाइएको छ । उनीहरूको संरक्षण गर्ने पहिलो दायित्व घर परिवार र त्यसपछिको दायित्व स्थानीय सरकारको रहेको हुन्छ । ज्येष्ठ नागरिकले घर परिवारबाट नै विभिन्न हिंसा र दुर्व्यवहार भोग्न बाध्य भएको अनुगमनका क्रममा बताएपनि त्यस्ता घटनाका सम्बन्धमा प्रहरी कार्यालय तथा अन्य निकायमा निवेदन दिएको पाइँदैन । ज्येष्ठ नागरिकहरूलाई राज्यले सम्मान र आर्थिक सुरक्षाका लागि सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउँदै आएको छ भने ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ६८ वर्ष कायम गरिएको छ । आश्रमहरूमा रहेका ज्येष्ठ नागरिकहरूलाई स्थानीय तहले आश्रममा नै गएर सामाजिक सुरक्षा (ज्येष्ठ नागरिक भत्ता) वितरण गर्ने गरेको, केही स्थानीय तहले ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य परीक्षण तथा औषधी लगायतका

सेवा प्रदान गरेको पाइएको छ । ज्येष्ठ नागरिकमाथि हुने शोषण र दुर्व्यवहारविरूद्ध कानूनी उपचारको भरपर्दो व्यवस्था नभएको र भएका कानूनी व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन नभएको पाइएको छ। अस्पतालहरूमा ज्येष्ठ नागरिक कक्ष, जेरियाट्रिक वार्ड, सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक आरक्षण सिट तथा भाडा छुट, दिवा सेवा केन्द्र सञ्चालन, सेवा प्रदायक निकायले प्रदान गर्ने सेवामा लाइन बस्नु नपर्ने जस्ता व्यवस्थाहरू समेत कार्यान्वयन हुन नसकेको पाइएको छ ।

## ३.१२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार

लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक स्थापित गर्ने सन्दर्भमा सर्वोच्च अदालतको भूमिकालाई महत्वपूर्ण मानिन्छ। उक्त समुदायको तर्फबाट परेको रिट निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले मिति २०६४ पुस ६ गते सम्पूर्ण विभेदकारी कानून संसोधन गर्न आदेश दिएको थियो। हाल लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक संवैधानिक हकको रूपमा स्थापित भैसकेको छ। नेपालको संविधानको धारा १२ ले लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने हक, धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले समानताको हक र धारा ४२ ले लैङ्गिक तथा अल्पसंख्यक समुदायको समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ। यसका बाबजुद कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको अभाव र कतिपय विभेदकारी कानूनी व्यवस्थाका कारण यस समुदायका नागरिकहरू पूर्ण रूपमा आफ्नो हक अधिकार उपभोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था रहेको छ। सर्वोच्च अदालतले २०७१ सालमा समलिंगी विवाहलाई मान्यता दिएर कानून बनाउनका लागि आदेश जारी गरेको भएतापनि हालसम्म समलिंगी विवाह सम्बन्धी छुट्टै कानून आउन सकेको छैन। तथापी सर्वोच्च अदालतले मिति २०८० असार १२ गते समलिंगी जोडीको अस्थायी विवाह दर्ता गर्न आदेश जारी गरेकोमा सोही बमोजिम २०८० मंसिर १३ गते यसै प्रदेश अन्तर्गत लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा माया गुरूङ (रामबहादुर गुरूङ) र सुरेन्द्र पाण्डेको जोडीको पहिलो समलिंगी विवाह दर्ता भएको थियो। यस कार्यालयबाट गरिएको अनुगमनबाट यस समुदायका व्यक्तिहरूलाई "अन्य" पहिचान सहितको नागरिकता प्राप्तिमा कुनै समस्या नभएको, पालिकाहरूबाट सञ्चालन गरिने सचेतना कार्यक्रमहरूमा यस समुदायका व्यक्तिहरूको अधिकारको बारेमा पनि वकालत गर्ने गरिएको तर छुट्टै लक्षित कार्यक्रमहरू नभएको, सीपमूलक तथा स्वरोजगार कार्यक्रममा समेट्ने गरिएको पाइएको छ। यसका बाबजुद जिल्लाहरूमा यस समुदायका व्यक्तिहरूको वास्तविक तथ्यांकको अभाव, जिल्लाको सदरमुकाम र सो आसपासका क्षेत्रमा धेरै संख्यामा उक्त समुदायका व्यक्तिहरूको उपस्थिति रहेको भएपनि पारिवारिक एवम् सामाजिक उपेक्षा र भेदभावको डरले पहिचान खुलाउन नचाहेको कारण उनीहरूको अधिकार संरक्षणमा चुनौती पाइएको छ। त्यसैगरी, आफ्नै घर परिवार र समाजबाट वहिष्करण तथा लाञ्छना, दुर्व्यवहार, प्रहरी प्रशासनबाट अनावश्यक हैरानी, विद्यालयमा गरिने फरक व्यवहारबाट शिक्षा प्राप्तिमा कठिनाई, पारलैङ्गिक व्यक्तिहरूको स्वास्थ्य परीक्षणमा कठिनाई र रोजगारीको अवसरमा कमीले सम्मानपूर्वक बाँच्न पाउने अधिकार लगायत मानव अधिकारको पूर्ण रूपमा संरक्षण र संवर्धन हुन नसकेको भन्ने यस समुदायका व्यक्तिहरूको गुनासो रहेको पाइएको छ। गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण र आर्थिक तथा सामाजिक अवस्थाको सुदृढीकरणको लागि सीपमूलक तथा व्यवसायिक तालिमको व्यवस्था गरेको पाइएको छ।

## ३.१३ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था

नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८–२०८१/८२) लागू भई कार्यान्वयनमा रहेको छ। कार्ययोजनाको समयावधि ५ वर्षको रहेको छ। कार्ययोजनामा मानव

अधिकार सम्बन्धी शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, बालअधिकार र बाल न्याय, सामाजिक न्याय, खानेपानी र सरसफाई, लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास, वातावरण र दिगो विकास, साँस्कृतिक अधिकार, कानूनी सुधार र न्याय प्रशासन, हिरासत तथा कारागार सुधार, संक्रमणकालीन न्याय, राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारीस/सुझाव कार्यान्वयन, मानव अधिकार शिक्षा र संस्थागत सुदृढीकरण गरी १७ वटा विषयहरू समावेश गरिएका छन् । कार्ययोजना कार्यान्वयनको लागि उक्त विषयहरूको उद्देश्य, क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, समय सीमा र कार्यसम्पादन सूचक समेत कार्ययोजनाले स्पष्ट किटान गरेको छ । कार्ययोजना कार्यान्वयन तथा समन्वयको लागि संघीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्था गरेको छ ।

कार्ययोजना कार्यान्वयनको अवस्थालाई हेर्दा गण्डकी प्रदेशको प्रदेश समन्वय समिति गठन भई ६/६ महिनामा समितिको बैठक बसी समग्र प्रदेशको मानव अधिकारको समीक्षा हुने गरेको छ । प्रदेश समन्वय समितिबाट जिल्ला र स्थानीय तहहरूमा समिति गठन लगायत कार्ययोजना कार्यान्वयनको सम्बन्धमा पत्राचार भएता पनि स्थानीय तहहरूमा समिति गठनले पूर्णता पाउन सकेको देखिदैन । आयोगको यस कार्यालयबाट कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धमा ११ वटा जिल्ला समन्वय समिति र ८५ वटा स्थानीय तहहरूमा पत्राचार गरी जानकारी माग गर्नुका साथै विभिन्न जिल्ला तथा स्थानीय तहहरूमा कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन समेत गरिएको थियो । यस कार्यालयमा प्राप्त जानकारी अनुसार कास्की, लमजुङ, गोरखा, पर्वत, बागलुङ, तनहुँ, स्याग्दी, नवलपरासी (वर्दघाट सूस्ता पूर्व), मनाङ, मुस्ताङ र स्याङजा गरी सबै जिल्लामा समिति गठन भएको जानकारी प्राप्त भएको छ । त्यस्तै स्थानीय तहहरूमा आयोगको यस कार्यालयबाट भएको पत्राचार तथा अनुगमनको क्रममा गरिएको सहजीकरण पछि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका, मंगला गाउँपालिका, मालिका गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, बेनी नगरपालिका, पर्वतको जलजला गाउँपालिका, महाशीला गाउँपालिका, पैयुँ गाउँपालिका, फलेवास र कुश्मा नगरपालिका, बागलुङको तमानखोला गाउँपालिका, ताराखोला गाउँपालिका, बडिगार्ड गाउँपालिका, काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिका, गल्कोट नगरपालिका र बरेङ गाउँपालिका, गोरखाको पालुङटार नगरपालिका, अजिरकोट गाउँपालिका, आरूघाट गाउँपालिका, शहिद लखन गाउँपालिका, लमजुङको सुन्दरबजार नगरपालिका, कास्कीको अन्नपूर्ण गाउँपालिका, रूपा गाउँपालिका, माछापुच्छे गाउँपालिका, मादी गाउँपालिका, पोखरा महानगरपालिका, स्याङजाको कालीगण्डकी गाउँपालिका, गल्याङ, फेदीखोला गाउँपालिका, वालिङ र पुतलीबजार नगरपालिका, नवलपरासी (पूर्व) को गैडाकोट नगरपालिकामा स्थानीय तह समन्वय समिति गठन भएको जानकारी प्राप्त भएको छ । त्यस्तै गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजना र राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश सरकारको संयुक्त समन्वयमा बागलुङ, पर्वत र नवलपरासी (वर्दघाट सूस्तापूर्व) जिल्लाका जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा सहजीकरण गरिएको थियो ।

८५ वटा स्थानीय तहमध्ये अधिकांश स्थानीय तहमा अझै पनि स्थानीय तह समन्वय समिति गठन हुन नसकेको पाइएको छ भने गठन भएका स्थानीय तह र जिल्लामा नियमित बैठक बस्ने नगरेको, कार्ययोजनाको सम्बन्धमा जानकारी नभएको, स्थानीय तहहरूबाट सम्पादित कार्यक्रमहरूलाई कार्ययोजना सँग आवद्ध नगरिएको तथा कार्ययोजना राष्ट्रिय मानव अधिकार आयोगको हो भन्ने बुझाई रहेको पाईएको छ । जिल्ला

समन्वय समितिलाई कार्ययोजनाको सम्बन्धमा बैठक, अनुगमन लगायतको लागि छुट्टै बजेटको व्यवस्था नहुँदा समितिको बैठक लगायत अनुगमनको लागि समस्या हुने गरेको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्ययोजना सम्बन्धी प्रचारप्रसार, अभिमुखिकरण (Orientation) तथा कार्ययोजना समयमा नै उपलब्ध गराई यस बारेमा जानकारी दिने नगरेको र आकस्मिकरूपमा हुने जिम्मेवार कर्मचारीहरूको सरूवाले नियमित बैठक तथा कार्यान्वयनमा समस्या हुने गरेको भन्ने जानकारी पाइएको छ ।

## ३.१४ श्रमिकको मानव अधिकार अवस्था

श्रम सम्बन्धी अधिकार नागरिकको आधारभूत मानव अधिकार हो । श्रम सम्बन्धी अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवम् नेपालको संविधान र अन्य प्रचलित कानूनमा व्यवस्था गरिएको छ । नेपालको संविधान, श्रम ऐन, २०७४ एवम् नियमावली, २०७५, नेपालले प्रतिवद्धता जनाएको संयुक्त राष्ट्र संघद्वारा सन् २०३० सम्मका लागि तय गरिएको १७ वटा दिगो विकास लक्ष्यहरूमध्ये ५औं लक्ष्यमा लैङ्गिक समानता हासिल गर्ने र ८औं लक्ष्यमा सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशिल रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने उल्लेख छ ।

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना (आ.व.२०७६/७७-२०८०/८१) मा श्रमिक र रोजगारदाताबीचको सुमधुर श्रम सम्बन्ध स्थापना गरी रोजगारीका नयाँ अवसर सिर्जना गरिने, रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिने, श्रम र ज्याला बीचको सन्तुलन कायम गरिने, कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न कानूनको प्रभावकारी कार्यान्वयन गरिने कार्यनीति तय गरिएको छ भने श्रम तथा रोजगार सम्बन्धी ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण तथा संसोधन गर्ने, लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने, बजारमा श्रमिकहरूले प्राप्त गर्ने ज्यालाको अनुगमन गर्ने लगायतका कार्यक्रमहरू राखिएको छ । गण्डकी प्रदेश सरकारले श्रम तथा रोजगार नीति, २०७८ जारी गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गर्ने एवम् रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्ने विषय उल्लेख गरिएको छ तर श्रमिकको हक अधिकारको विषयमा विस्तृतमा समेटिएको पाइँदैन ।

यस कार्यालयको अनुगमनका क्रममा उद्योग, प्रतिष्ठान, संस्था तथा कम्पनीमा श्रम ऐन २०७४ को पूर्ण कार्यान्वयन नभएको, सामाजिक सुरक्षा कोषमा केही उद्योग प्रतिष्ठान तथा कम्पनी समावेश भएपनि अन्य बाँकीलाई नसमेटेको, नियमित रोजगारीमा रहेका श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भई सेवा सुविधा प्राप्त गरेको भएपनि समयगत श्रमिकलाई त्यसले सम्बोधन नगरेको, महिला श्रमिकमाथिको हिंसा र विभेद भैरहेको, श्रमिकहरू ट्रेड युनियनमा आवद्ध भएको, नेपालको प्रचलित कानून अनुसार न्यूनतम तलब सुविधा प्राप्त गरेको, विभिन्न किसिमका विदा उपलब्ध भएको, श्रमिकहरू उनीहरूको आधारभूत अधिकारका बारेमा सचेत रहेको, रोजगार सम्झौता, नियुक्तिपत्र, परिचय पत्र उपलब्ध गराइएको, चाडपर्व खर्च, बोनस, ग्रेड वृद्धि, बीमा, व्यवसायजन्य सुरक्षा जस्ता सुविधा प्राप्त गरेको भएपनि नियमित रोजगारी बाहेक समयगत रोजगारीका श्रमिकहरूले उक्त सुविधा पाउन नसकेको पाइएको छ ।

गण्डकी प्रदेश सरकारको आ.व.२०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नं. ९४ मा **श्रमको सम्मान गरौं** भन्ने भावनालाई प्रदेशभर विस्तार गरी समाजमा कामप्रति सकारात्मक धारणा विकास गर्दै युवाहरूलाई काममा लाग्न प्रेरित गरिने र श्रम बजारलाई व्यवस्थित बनाउनका लागि नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रलाई प्रभावकारी बनाईने, बुँदा नं. ९५ मा

श्रमिक तथा रोजगारदाताबीच सुमधुर सम्बन्ध स्थापित गर्न तथा द्विपक्षीय हकहित सुरक्षित गर्न प्रदेश श्रम ऐन बनाई कार्यान्वियन गरिने, बुँदा नं. ९५ मा स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको सूचीकरण गर्ने कार्य प्रारम्भ गरिने तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई समाजिक सुरक्षाको दायरामा ल्याई उनीहरूको जीवनलाई सहज र सुरक्षित बनाउनका लागि नेपाल सरकार र स्थानीय तहको सहयोगमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याई सामाजिक न्यायको प्रत्याभूति गरिने उल्लेख भएको छ ।

# परिच्छेद ४

# आयोगका प्रमुख गतिविधिहरू

## १. ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस विविध कार्यक्रम सहित सम्पन्न



७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २०२३) विभिन्न कार्यक्रमका साथ पोखरामा सम्पन्न भएको छ । दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को संयुक्त आयोजनामा **"मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था"** सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८० मंसिर २० गते सम्पन्न गरिएको छ। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतको अध्यक्षता र गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव शम्भु रेग्मी र आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले गण्डकी प्रदेशमा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण गरेका थिए । प्रस्तुति प्रश्चात् कार्यक्रमका सहभागीहरूबाट सोही विषयमा केन्द्रित रहेर विभिन्न धारणा र जिज्ञासा राखेका थिए। उक्त कार्यक्रममा १४० जनाको सहभागिता रहेको थियो ।

## २. दिवसका अवसरमा रक्तदान कार्यक्रम




राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश सरकार र गण्डकी प्रदेश मानव अधिकार महाभेलाको संयुक्त आयोजनामा सरकारी तथा सुरक्षा निकाय, गैर सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थितिमा मिति २०८०/०८/२२ (८ डिसेम्बर) गते मानव अधिकार चोकमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

## ३. मानव अधिकार रक्षकको अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा लगायत १२ वटा संघ संस्थाहरूको संयुक्त आयोजनामा मिति २०८०/०८/२३ (९ डिसेम्बर) गते **"मानव अधिकार रक्षकको अधिकार"** सम्बन्धी

अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । गैरसरकारी संस्था महासंघ गण्डकी प्रदेशका कार्यवाहक अध्यक्ष पदम राज पहारीको अध्यक्षता र जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले गण्डकी प्रदेशमा मानव अधिकार रक्षकको अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण गरेका थिए ।

### ४. प्रभातफेरी कार्यक्रम





राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश सरकार र गण्डकी प्रदेश मानव अधिकार महाभेलाको संयुक्त आयोजनामा सरकारी तथा सुरक्षा निकाय, गैर सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थितिमा मिति २०८०/०८/२४ (१० डिसेम्बर) गते प्रभातफेरी कार्यक्रम सम्पन्न भएको थियो । पोखराको मानव अधिकार चोक, चिप्लेढुंगाबाट शुरू भएको प्रभातफेरी कार्यक्रम पोखरा सभागृहमा पुगेर शुभकामना कार्यक्रममा परिणत भएको थियो । आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीको अध्यक्षता र गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रम अतिथिहरूको शुभकामना मन्तव्य सहित समापन गरिएको थियो ।

### ५. दीप प्रज्वलन कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश मानव अधिकार महाभेला र राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समितिको संयुक्त आयोजनामा विभिन्न गैर सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थितिमा मिति २०८०/०८/२४ (१० डिसेम्बर) गते साँझ मानव अधिकार चोक, चिप्लेढुंगा, पोखरामा दिप प्रज्वलन कार्यक्रम सम्पन्न भएको थियो ।

### ६. विश्वव्यापी आवधिक समीक्षा तथा दिगो विकास लक्ष्यहरू र मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था




राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराको आयोजनामा पर्वत र म्याग्दी जिल्लामा अनुगमनको क्रममा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना, विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सिफारिस, सन्धिजनित निकायबाट प्राप्त सिफारिस तथा दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको अवस्था सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।









अनुगमनको क्रममा स्थानीय तहहरूले आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा कार्ययोजनाका विषयवस्तु तथा सिफारिस कार्यान्वयन लगायतका विषयलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको आयोजना तथा राष्ट्रिय मानव अधिकार आयोगको गण्डकी प्रदेश कार्यालय र इन्सेक, पोखराको समन्वयमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थामा बागलुङ, पर्वत र नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लामा अन्तरक्रिया कार्यक्रममा आयोगको तर्फबाट कार्ययोजना कार्यान्वयन सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो ।

## ७. राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिक उत्सव समारोह

राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिक उत्सव समारोह २०८१ जेठ १३ गते पोखरामा शुभकामना कार्यक्रमको आयोजना गरी सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारीले मानव अधिकार प्रति उच्च सम्मान व्यक्त गर्दै अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको प्रतिनिधित्व आयोगले सुदृढ रूपमा गर्नुपर्नेमा जोड दिँदै मानव अधिकार प्रति राज्यका सम्पूर्ण निकाय एवम् सरोकारवालाहरू दृढ हुनुपर्ने तथा महिला र उत्पीडितलाइ मूलधारमा ल्याउनुपर्ने विचार व्यक्त गर्नुका साथै नागरिकले अधिकार खोज्दा कर्तव्य र दायित्व पनि पूरा गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले स्थापना दिवसको अवसरमा शुभकामना दिँदै आयोग आफ्नो कर्तव्यमा सफलतापूर्वक लागेकोमा बधाई समेत दिनुभयो । उक्त अवसरमा आयोगले learning by doing सिद्वान्त अवलम्बन गरी आवाज विहिनको आवाज बन्नुपर्ने तथा जिम्मेवार सरोकारवालाहरूसँग समन्वय र सहकार्य





गरी मानव अधिकारको सम्मान, संरक्षण र सचेतना अभिवृद्धि गर्ने कुरामा आयोग थप जिम्मेवार बन्नुपर्ने सुझाव दिनु भएको थियो ।

कार्यक्रमा विशिष्ट अतिथि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीको प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले मानव अधिकारको संरक्षणको लागि संविधानले मौलिक हकको व्यवस्था गरेको र सो को कार्यान्वयनको लागि आवश्यक ऐन/कानून निर्माण तथा संसोधनको क्रममा रहेको बताउनुभयो । उहाँले महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएको समुदायलाई राज्यको मूलधारमा ल्याउने प्रयास भएको जानकारी दिँदै नीति कार्यक्रम, बजेट तर्जुमा गर्दा मानव अधिकारको सवाललाई समेट्ने प्रयास भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा गैर-सरकारी संस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीले मानव अधिकारको उल्लङ्घन बढिरहेको समयमा गैर-सरकारी संस्थाहरूको व्यापक सक्रियताले राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्नमा टेवा पुऱ्याएको स्मरण गर्दै स्वतन्त्रपूर्वक मानव अधिकार उल्लङ्घनको घटनाको अनुसन्धान गर्ने आयोगलाई प्रदेशमा भवन लगायत स्रोत साधन व्यवस्था गर्न सरकार समक्ष माग गर्नुभयो । उहाँले मानव अधिकारको सम्मान, संरक्षणको लागि आयोग बनाइएको बताउनु भयो । साथै संविधानले विभिन्न आयोगहरूको गठन गरेता पनि हाल सो आयोगहरूबाट प्रभावकारी कार्यहरू हुन नसक्दा राष्ट्रलाई आर्थिक भार पर्न गएको कुरामा जोड दिनुभयो ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक विना सिलवालले राष्ट्रिय मानव अधिकारको स्थापना द्वन्द्व समय कालमा भएको र शान्ति स्थापनाको साथै सामाजिक, साँस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो । तर अझैपनि गाँस, बास, कपासमा सबैको पहुँच पुग्न नसकेको र महिला, सिमान्तकृत, पिछडा वर्ग तथा अन्य समूह माझ सचेतना पुग्न नसकेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख माया देवी शर्माले आयोगले यस आर्थिक वर्षको अवधिमा गरेका मानव अधिकारसँग सम्बन्धित संरक्षणात्मक र प्रवर्द्धनात्मक गतिविधिहरूको साथसाथै नागरिक समाज, संघ-संस्थाहरू एवम् अन्य सरोकारवालाहरूसँग गरेका समन्वय तथा सहकार्य सम्बन्धी कार्यक्रमहरूको बारेमा जानकारी दिनु भयो । उहाँले आयोगमा रहेका उजुरीहरूको वर्तमान अवस्थाको बारेमा उल्लेख गर्दै आयोगलाई थप सक्षम एवम् सबल बनाउनका लागि सरोकारवालाहरूको महत्वपूर्ण भूमिका हुने बताउनु भयो ।

## ८. गण्डकी प्रदेश प्रमुख समक्ष आयोगका प्रतिवेदन हस्तान्तरण



राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख माया देवी शर्मासहितको टोलीले मिती २०८१ वैशाख २३ गते गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख डिल्ली राज भट्टज्यूसमक्ष आयोगको केन्द्रीय कार्यालय र प्रदेश कार्यालयको प्रतिवेदन हस्तान्तरण गरेको थियो । सो अवसरमा गण्डकी प्रदेशको मानव अधिकारको समसामयिक

अवस्थाका बारेमा समेत छलफल गरिएको थियो ।
टोलीमा आयोगका मानव अधिकार अधिकृतहरू टंकप्रसाद खनाल, खिमलाल सुवेदी, मोहन काफ्ले, नायव सुब्बाहरू विनोद परियार, उत्तम राउत, कार्यालय सहयोगी विर बहादुर महातारा सहभागी हुनुहुन्थ्यो । आयोगको केन्द्रीय कार्यालयबाट प्रकाशित २३ औं वार्षिक प्रतिवेदन तथा गण्डकी प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका २०७९/०८० माननीय प्रदेश प्रमुख समक्ष कार्यालय प्रमुखबाट हस्तान्तरण गरिएको थियो । उक्त अवसरमा कार्यालय प्रमुख शर्माले राज्य तहबाट मानव अधिकारको कार्यान्वयनको अवस्थामा सुधार ल्याउनुपर्ने खाँचो औंल्याउँदै द्वन्द्वकालसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेको, आयोगको प्रदेश कार्यालयको आफ्नो जग्गा र भवन नरहेको जानकारी गराउनु भएको थियो ।
माननीय प्रदेश प्रमुख डिल्ली राज भट्टले मानव अधिकारको विषय अत्यन्त गम्भिर विषय रहेको र यसको पालनामा सबै पक्ष उत्तिकै जिम्मेवार रहनुपर्ने बताउनुभयो । उहाँले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकार हनन् गर्न नहुने उल्लेख गर्नुभएको थियो ।

## ९. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी परामर्श कार्यशाला






राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र राष्ट्रिय आदिबासी जनजाति अपाङ्ग महिला संघ नेपाल (निडवान)सँगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को निश्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था सम्बन्धमा गण्डकी प्रदेशस्तरीय परामर्श कार्यशाला गोष्ठी मिति २०८० मंसिर १० गते पोखरामा सम्पन्न भएको छ। गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री जितप्रसाद आलेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव, विभिन्न सरकारी तथा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, अपाङ्गताको क्षेत्रमा कार्यरत विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिहरू, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार लगायत ८७ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को निश्कर्ष सुझाव तथा सिफारीसहरूको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदी, सुझाव तथा सिफारीस कार्यान्वयनको सम्बन्धमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी र महासन्धि, २००६ को निश्कर्ष सुझाव तथा सिफारीसहरूको सम्बन्धमा राष्ट्रिय आदिबासी जनजाति अपाङ्ग महिला संघ नेपाल

(निडवान)का अध्यक्ष प्रतिमा गुरूङले सहजीकरण गर्नुभएको थियो ।

अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्यांक संकलन नहुनु, अपाङ्गताको आधारमा हुने विभेद कायम नै रहेको, अपाङ्गता भएका व्यक्तिहरूको नीति निर्माण लगायत विविध सवालहरूमा पनि सहभागिता नहुने गरेको, **प्रादेशिक सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा क्रियाशिल संघ संस्थाहरूलाई पर्याप्त रकम उपलब्ध नगराइनु र पहुँचका आधारमा मात्र बजेट उपलब्ध गराउने गरेको, प्रदेश सरकारबाट अपागता अधिकार सम्बन्धी पर्याप्त जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्न नसकेको,** अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच, सूचना तथा सञ्चारमा पहुँच, भौतिक संरचनाहरूमा पहुँच सुनिश्चित हुन नसकेको जस्ता समस्या तथा गुनासोहरू सहभागीले कार्यक्रममा उठाएका थिए ।

**अपाङ्गताभित्रको विविधता र आवश्यकतालाई सम्बोधन गर्ने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्ने,** सेवा प्रवाह गर्ने कार्यालय तथा निकायमा कार्यरत कर्मचारीहरूलाई अपाङ्गता र यसको विविधताको सम्बन्धमा आवश्यक तालिम, प्रशिक्षणको व्यवस्था गर्नुपर्ने, प्रदेश सरकार, स्थानीय तहका कार्यालयहरू, न्यायीक तथा अर्धन्यायीक निकायहरूले सूचना तथा सञ्चार सेवामा सबैको पहुँच सुनिश्चित गर्न श्रव्य, दृश्य, डिजिटल, छापा तथा ब्रेल लिपिमा सूचना सम्प्रेषण गर्न, नीति निर्माणमा हुने सहभागितालाई अर्थपूर्ण बनाउन र यूएन सि आर पि डि २००६ को निष्कर्ष सुझावको प्रभावकारी कार्यान्वयनका लागि तिनै तहको सरकार जवाफदेही र उत्तरदायी बन्नु पर्नेमा सहभागीहरूको सुझाव रहेको थियो ।

## १०. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकार सम्बन्धी छलफल कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकार सम्बन्धी छलफल कार्यक्रम मिति २०८१ असार ८ गते अनुगमनको क्रममा पर्वत जिल्लाको कुश्मा नगरपालिकामा सम्पन्न गरिएको थियो । नागरिक समाज सञ्जाल, पर्वतको समन्वयमा भएको छलफलमा सहभागीहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको पहिचान सहितको अधिकारका लागि सरोकारवालाहरूले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।




## ११. मानव अधिकार संरक्षण, संवर्धनमा समन्वय र सहकार्य विषयक छलफल कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०८१/०१/०७ गते गण्डकी प्रदेशको पोखरामा मानव अधिकार संरक्षण र संवर्धनमा समन्वय र सहकार्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशको मानव अधिकारको अवस्था र नागरिक समाजसँगको समन्वय र सहकार्यको अवस्था र भावी सहकार्यका क्षेत्रहरूको सम्बन्धमा सरोकारवालाहरूबीच छलफल गरी सुझावहरू लिइएको थियो । कार्यक्रममा पोखरास्थित मानव अधिकार क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । आयोगको केन्द्रीय कार्यालय, समन्वय विभागका प्रमुख सहसचिव सम्झना शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गण्डकी प्रदेश कार्यालयका कर्मचारीहरू सहित ३५ जनाको सहभागिता



रहेको थियो ।



## १२. रिकभरिङ नेपालसँग गरिएको बैठक

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन सम्बन्धी आफ्ना गतिविधिहरूलाई अघि बढाउने क्रममा यौनकर्मी महिला, एच.आइ.भि. संक्रमित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लागूऔषध प्रयोगकर्ता लगायतका अल्पसंख्यकको अधिकारलाई समेत प्राथमिकतामा राखेर कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा आयोगको यस गण्डकी प्रदेश कार्यालय, पोखराले लागूऔषधको प्रयोगबाट एच.आइ.भि., हेपाटाइटिस हुन सक्ने जोखिम र अन्य लागूऔषध प्रयोगकर्ताहरूको हकहित, स्वास्थ्य र मानवअधिकारको क्षेत्रमा कार्यरत रिकभरिङ नेपालसँग मिति २०८१/०२/१८ गते बैठक  सम्पन्न भएको थियो ।



## १३. मानव अधिकारको अवस्था सम्बन्धी आकस्मिक अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराले स्याङ्जा र म्याग्दी जिल्लाको समग्र मानव अधिकार अवस्थाको बारेमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनको क्रममा जिल्लामा पछिल्लो समयमा घटेका अपराधिक घटनाहरू, शान्ति सुरक्षाको अवस्था, हिंसाका घटनाहरू, हिरासत तथा कारागारको अवस्था, उपभोक्ताको अधिकार, स्वास्थ्य अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, जातिय छुवाछूत विरूद्धको अधिकार, दिगो विकास लक्ष्य र अपाङ्गता भएका व्यक्तिको अधिकार लगायत मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धमा सम्बन्धित निकायहरू, नागरिक समाज, सञ्चारकर्मीहरू, मानव अधिकारकर्मीहरूसँग भेट तथा छलफल गरी जानकारी लिएको थियो ।



## १४. मानव अधिकारमुखी पद्धति विषयक अभिमुखीकरण कार्यशाला

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूलाई लक्षित गरी आयोजना गरिएको विकासका लागि मानव अधिकारमुखी पद्धति अभिमुखीकरण कार्यक्रम आयोगको केन्द्रीय कार्यालय र गण्डकी प्रदेश कार्यालयको समन्वयमा स्याङ्जाको वालिङ न.पा.मा सम्पन्न भएको थियो । स्थानीय तहमा

निर्वाचित जनप्रतिनिधि एवम् नागरिक समाजका प्रतिनिधिहरूलाई लक्षित गरी सञ्चालित उक्त अभिमुखीकरण कार्यशालामा स्याङ्जा जिल्लाको वालिङ नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, नागरिक समाज र पत्रकार गरी ३० जनाको उपस्थिति रहेको थियो ।



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख माया देवी शर्माको अध्यक्षता, वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँडको प्रमुख आतिथ्यता एवम् वालिङ नगरपालिकाका उपप्रमुख कविता गैह्रेको विशिष्ट आतिथ्यतामा औपचारिक रूपमा शुरू भएको कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, ललितपुरका उपसचिव अनिश पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यशालामा विज्ञहरू तारक धिताल र मधु दवाडीले मानव अधिकारमुखी पद्धतिका विविध विषयहरूमा सहभागीहरूलाई प्रशिक्षित गर्नुभएको थियो ।

## १५. कार्यालयको निरीक्षण तथा भ्रमण

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयबाट यस कार्यालयको आ.व.को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति र कार्यालयको प्रशासनिक निरीक्षण तथा भ्रमण सम्पन्न भएको थियो। निरीक्षणमा आयोगका तत्कालिकन का.मु सचिव, तथा सहसचिव र उपसचिवहरूसहितको सहभागिता रहेको थियो । टोलीले गण्डकी प्रदेशको मानव अधिकार अवस्था, वार्षिक कार्ययोजनाको कार्यान्वयन अवस्था, रणनीतिक योजनाको कार्यान्वयन अवस्था लगायत प्रशासनिक विषयहरूमा कार्यालय प्रमुखसहित कार्यालयका कर्मचारीहरूसँग छलफल गरेका थिए ।



# उपलब्धि, चुनौती र समाधानका उपायहरू

## ५.१ उपलब्धिहरू

आयोगको गण्डकी प्रदेश कार्यालय पोखरा स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्धनको कार्यमा निरन्तर रूपमा काम गर्दै आइरहेको छ । यस आ.व.मा कार्यालयबाट मनाङ, मुस्ताङ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला बाहेक ८ वटा जिल्लाहरूमा मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ । मानव अधिकारका विषयमा अनुगमन, मानव अधिकार उल्लङ्घनका उजुरी उपर अनुसन्धान, विभिन्न संघ संस्थाहरूसँगको सहकार्य र समन्वयमा प्रवर्द्धन लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

यस कार्यालयले प्रदेश सरकार, नागरिक समाज, प्रहरी प्रशासनको सहकार्यमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) पोखरामा सम्पन्न गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वय र सहकार्यमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना विषयमा अन्तरक्रिया सम्पन्न भएको छ । यस कार्यालयको वार्षिक कार्ययोजना बमोजिम लमजुङ, पर्वत, म्याग्दी, स्याङ्जा, गोरखा, तनहुँ, बागलुङ र कास्की जिल्लामा अनिवार्य, निःशुल्क तथा गुणस्तरीय आधारभूत शिक्षाको अधिकार, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार कार्यान्वयन अवस्था, आप्रवासी कामदार र मानव बेचबिखन, विश्वव्यापी आवधिक समीक्षा, मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना, दिगो विकास लक्ष्य र सन्धि जनित समितिबाट प्राप्त सिफारिसहरूको कार्यान्वयन अवस्था, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारको अवस्था, केही जिल्लाको समग्र मानव अधिकार अवस्थाबारे आकस्मिक अनुगमन सहित ११ वटा अनुगमन सम्पन्न भएका छन् ।

यस अवधिमा कार्यालयमा मानव अधिकारका विषयमा आएका निवेदन तथा गुनासोहरूका सम्बन्धमा ३५ पटक परामर्श सेवा प्रदान गरिएको छ । विभिन्न संघसंस्थाहरूले आयोजना गरेका ११५ वटा कार्यक्रमहरूमा यस कार्यालयबाट प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिको रूपमा सहभागिता, २० वटा कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ता र सञ्चार माध्यममा आयोगको सहभागिता रही मानव अधिकारको संवर्धन कार्यमा संलग्नता रहेको थियो । मानव अधिकार उल्लङ्घन भएको भनी दर्ता भएका २५ वटा उजुरी उपर अनुसन्धान सम्पन्न भई १३ वटा उजुरी फाइल आवश्यक निर्णयार्थको लागि केन्द्रीय कार्यालयमा पठाइएको छ । यस अवधिमा अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक भवन (सभागृह हल) पहुँचयुक्त नभएको, सडक विस्तारको क्रममा व्यक्तिको सम्पत्ति क्षति भएको सम्बन्धमा, प्रहरी हिरासतमा कुटपिट तथा दुर्व्यवहार भएको भन्ने सम्बन्धमा र पत्रकारमाथि प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार भएको भन्ने सम्बन्धमा गरी ४ वटा उजुरी दर्ता भएका छन् । यस कार्यालयबाट अनुसन्धान सम्पन्न गरी उजुरीउपर आवश्यक निर्णयको लागि पठाइएका उजुरीमध्ये यस आ.व. मा ४६ उजुरीमा आयोगबाट निर्णय भएको छ ।

यस कार्यालयको कामलाई प्रभावकारी ढंगले सम्पादन गर्ने उद्देश्यले खरिद इकाई, आयोगको छैटौं रणनीतिक योजना कार्यान्वयन समिति, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति र राष्ट्रिय मानव अधिकार

आयोगद्वारा जारी भएको अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ (पहिलो संसोधन, २०८०) को दफा ८ को उपदफा ४ (क) मा प्रदेशस्तरीय कार्यसमुहको गठन हुने व्यवस्था बमोजिम यस प्रदेशमा कार्यसमूह गठन भई बैठक सम्पन्न गरेको छ । गण्डकी प्रदेश प्रमुख, गण्डकी प्रदेश सरकार, सुरक्षा निकाय, मानव अधिकारका विभिन्न विषयगत संघ संस्थाहरूसँग निरन्तर भेटघाट, छलफल र अन्तरक्रियाबाट मानव अधिकारको संरक्षण र संवर्धनमा सम्बन्ध विस्तार, सहकार्य र समन्वय अभिवृद्धि भएको छ ।

## ५.२ चुनौती/समस्याहरू

### ५.२.१ संस्थागत चुनौती/समस्याहरू

- आयोगको आफ्नै कार्यालय भवन नहुँदा कार्यालयलाई अपाङ्गतामैत्री बनाउन, स्तनपान कक्ष व्यवस्थापन गर्न, परामर्श कक्ष व्यवस्थापन गर्न कठिनाई रहेको छ ।
- कार्यालयमा महिला तथा बालिकामाथि हुने हिंसाका उजुरीमा आवश्यक मनोपरामर्श सेवाका लागि विषयगत दक्ष कर्मचारी अभाव रहेको छ ।
- मानव अधिकारका उल्लङ्घनका उजुरीउपर अनुगमन र अनुसन्धानका लागि आवश्यक सवारी साधन नहुँदा वार्षिक लक्ष्य बमोजिमको कार्यक्रम सम्पन्न गर्न कठिनाई रहेको छ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम, वृत्ति विकास, वैदेशिक तालिम र भ्रमणमा समान अवसरको कमी हुँदा उत्प्रेरणा र मनोवलमा असर परेको छ ।
- आयोगबाट भएका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नहुँदा पीडितले न्याय प्राप्त गर्न कठिन रहेको अवस्था छ ।

### ५.२.२ मानव अधिकारसँग सम्बन्धित चुनौती/समस्याहरू

- यस कार्यालयमा दर्ता हुन आएका उजुरीका सरोकारवाला व्यक्तिहरूको बसाईसराईं, बैदेशिक रोजगार, ठेगाना परिवर्तन, तथ्यांक अध्यावधिक समयमा नहुँदा अनुसन्धानका उजुरी उपर प्रमाण संकलनमा कठिनाई भएको छ ।
- महिला हिंसा तथा जातिय भेदभाव लगायतका कतिपय घटना उजुरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेको छ ।
- सामुदायिक विद्यालयहरूले सहयोग शुल्क लिने गरेको भन्ने गुनासो पाइएको हुँदा अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन र शैक्षिक गुणस्तर सुधार गर्न पर्याप्त श्रोत साधनको व्यवस्था हुन नसकेको अवस्था छ ।
- सूचना प्रविधिसँगै गुणस्तरीय शिक्षाका लागि पर्याप्त अभिमुखीकरण र सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको अभाव रहेको छ ।
- अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रमा स्रोत साधनको कमी तथा हिंसापीडितहरूका लागि सुरक्षा गृह, पुनर्स्थापना गृह तथा मनोसामाजिक परामर्श सेवाको अभाव रहेको छ ।
- बढ्दो बैदेशिक रोजगारी मर्यादित र व्यवस्थित हुन नसक्दा ठगी, मानव बेचबिखन, तस्करी पारिवारिक विखण्डन, मानसिक स्वास्थ्य समस्याको अनुभव गर्नेको संख्या बढेको छ ।
- प्रदेश, जिल्ला र स्थानीय तहमा रहेको विपद् व्यवस्थापन संयन्त्र चुस्त तथा प्रभावकारी हुन नसकेको कारणले समयमा उद्धार र पुनर्स्थापना हुन नसकेको ।
- बालबालिकामाथि हुने शारीरिक दण्ड सजायका साथै यौनजन्य दुर्व्यवहारका घटनाहरूमा वृद्धि भएको ।

- ❖ अपाङ्गता भएका व्यक्तिकोहरूको लागि भौतिक संरचना, सूचना तथा सञ्चार र न्यायमा पहुँच सुनिश्चित हुन नसकेको ।
- ❖ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन नसकेको ।
- ❖ ज्येष्ठ नागरिकहरूमाथि दुर्व्यवहार बढ्दो तथा राज्यबाट उपलब्ध हुने सेवा सुविधाको प्रभावकारी कार्यान्वयन नभएको ।
- ❖ कानूनी जटिलताका कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पहिचानसहितको अधिकार उपयोगबाट वञ्चित रहेको ।
- ❖ कारागारको भौतिक अवस्था जीर्ण, क्षमता भन्दा वढी कैदी, बन्दी हुँदा आधारभूत अधिकारको उपभोगबाट वञ्चित रहेको ।

## ५.३. समस्या/चुनौती समाधानका सम्भावित उपायहरू

उल्लेखित समस्या, चुनौतीलाई सम्बोधन गर्नका लागि निम्नानुसारको कार्य गर्नुपर्ने देखिन्छ ।

- ❖ आयोगको प्रदेश कार्यालयलाई भवनको लागि संघ, प्रदेश र स्थानीय सरकारसँग पहल गर्नुपर्ने ।
- ❖ कार्यालयको आवश्यकता र कर्मचारी दरबन्दी अनुसार सवारी साधनको व्यवस्थापन गर्नुपर्ने ।
- ❖ कर्मचारीहरूलाई उत्प्रेरणा र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम र समान अवसरको व्यवस्था गरिनुपर्ने ।
- ❖ आयोगका सिफारिसहरूको संघ, प्रदेश र स्थानीय सरकारबाट पूर्ण रूपमा कार्यान्वयन हुनुपर्ने ।
- ❖ उजुरी प्रक्रियामा आउन नसकेका फौजदारी प्रकृतिका घटनाहरूमा प्रहरी प्रतिवेदनका आधारमा कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने ।
- ❖ महिला तथा बालबालिकालाई न्याय र सुरक्षाका लागि सुरक्षा गृह, पुनर्स्थापना गृह र मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्नुपर्ने ।
- ❖ वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै सोसँग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- ❖ मानसिक स्वास्थ्य समस्या अनुभव गरेका व्यक्तिहरूका लागि प्रदेश तथा जिल्ला अस्पतालहरूबाट बहिरंग तथा अन्तरंग सेवाका साथै सामाजिक सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- ❖ विपद् व्यवस्थापनको लागि आवश्यक स्रोत साधन, तालिम लगायत यन्त्र उपकरणको पर्याप्त व्यवस्थापन गर्नुपर्ने ।
- ❖ बालबालिकामाथि हुने शारीरिक दण्ड, सजाय र दुर्व्यवहार न्यूनिकरणका लागि विद्यालय तथा समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- ❖ अपाङ्गता भएका व्यक्तिकोहरूको लागि भौतिक संरचना, सूचना तथा सञ्चार र न्यायमा पहुँच सुनिश्चित गर्नु पर्ने ।
- ❖ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ❖ ज्येष्ठ नागरिक सम्बन्धी कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- ❖ यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पहिचानसहितको अधिकार सुनिश्चित गर्नुपर्ने ।
- ❖ कैदी बन्दीको आधारभूत मानव अधिकार सुरक्षित गर्नुपर्ने ।

## अनुसूची १

## राष्ट्रिय मानवअधिकार आयोगको पोखरा कार्यालय स्थापना (२०६२ वैशाख २१ ) पश्चात् यस कार्यालयमा दर्ता हुन आएका उजुरीको विवरण

| क्र.सं | अवधि | उजुरी संख्या |
|---|---|---|
| १ | २०६२ वैशाख २१ देखि २०६२ चैत मसान्तसम्म | ३२५ |
| २ | २०६३ वैशाख १ देखि २०६३ चैत मसान्तसम्म | २५० |
| ३ | २०६४ वैशाख देखि २०६४ चैत मसान्तसम्म | १४९ |
| ४ | २०६५ वैशाख देखि २०६५ चैत मसान्तसम्म | ११३ |
| ५ | २०६६ वैशाख देखि २०६६ चैत मसान्तसम्म | ५३ |
| ६ | २०६७ वैशाख देखि २०६७ चैत मसान्तसम्म | ३९ |
| ७ | २०६८ वैशाख देखि २०६८ चैत मसान्तसम्म | ४४ |
| ८ | २०६९ वैशाख देखि २०६९ चैत मसान्तसम्म | १९ |
| ९ | २०७० वैशाख देखि २०७० चैत मसान्तसम्म | २० |
| १० | २०७१ वैशाख देखि २०७१ चैत मसान्तसम्म | १२ |
| ११ | २०७२ वैशाख देखि २०७२ चैत मसान्तसम्म | ७ |
| १२ | २०७३ वैशाख देखि २०७३ चैत मसान्तसम्म | १३ |
| १३ | २०७४ वैशाख देखि २०७४ चैत मसान्तसम्म | १३ |
| १४ | २०७५ वैशाख देखि २०७५ चैत मसान्तसम्म | २३ |
| १५ | २०७६ वैशाख देखि २०७७ असार मसान्तसम्म | १६ |
| १६ | २०७७ वैशाख देखि २०७८ असार मसान्तसम्म | ९ |
| १७ | २०७८ वैशाख देखि २०७९ असार मसान्तसम्म | १ |
| १८ | २०७९ वैशाख देखि २०८० असार मसान्तसम्म | ३ |
| १९ | २०८० वैशाख देखि २०८१ असार मसान्तसम्म | ४ |
| | **जम्मा उजुरी संख्या** | **१११३** |

नोटः पोखरा कार्यालयबाट वुटवल उपक्षेत्रीय कार्यालयमा पठाईएका उजुरी संख्या २१२

**अनुसूची २:**


**निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएका उजुरी संख्या**

| क्र.सं | अवधि | संख्या |
|---|---|---|
| १ | २०६६ भन्दा अगाडी | ६७ |
| २ | २०६६ वैशाखदेखि चैतसम्म | ४६ |
| ३ | २०६७ वैशाखदेखि चैतसम्म | १३४ |
| ४ | २०६८ वैशाखदेखि चैतसम्म | १६३ |
| ५ | २०६९ वैशाखदेखि चैतसम्म | ६५ |
| ६ | २०७० वैशाखदेखि चैतसम्म | ५४ |
| ७ | २०७१ वैशाखदेखि चैतसम्म | ५० |
| ८ | २०७२ वैशाखदेखि चैतसम्म | ३३ |
| ९ | २०७३ वैशाखदेखि चैतसम्म | ३७ |
| १० | २०७४ वैशाखदेखि चैतसम्म | १८ |
| ११ | २०७५ वैशाखदेखि चैतसम्म | ३५ |
| १२ | २०७६ वैशाखदेखि असारसम्म | २० |
| १३ | २०७७ वैशाखदेखि असारसम्म | २६ |
| १४ | २०७८ वैशाखदेखि असारसम्म | २३ |
| १५ | २०७९ वैशाखदेखि ०८० असारसम्म | ५५ |
| १६ | २०८० साउनदेखि ०८१ असारसम्म | १३ |
| | **जम्मा** | ८३९ |

अनुसूची ३

जिल्लागत तथा विषयगत उजुरी विवरण




**नोट** २ वटा उजुरी दोहोरो दर्ता भएको हुदा एउटै कायम गरिएको

१ उजुरी अनुसन्धान सम्पन्न भई के.का. गईसकेको लगत कटटा् गर्न छुटेको

# अनुसूची ५ आयोगका विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारहरू :



नवलपुर प्रेस

मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न



पोखरामा मनाइयो मानवअधिकार दिवस

आदर्श समाज



मानव अधिकार आयोगमा ४ उजुरी मात्र

२०७९ वैशाखदेखि २०८० सम्ममा मात्र ३ वटा उजुरी दर्ता भएका थिए



## मानव अधिकार...

मानव अधिकार सम्बन्धी कानुन निर्माणमा अब्बल भएतापनि कार्यान्वयनमा कमि कमजोरी रहेको उनले बताए । बहुआयामिक गरिबीको रेखामुनि परेका वर्गको उत्थान, महिला र उत्पीडित समुदायलाई मूलधारमा ल्याउन नसेकको जानकारी दिँदै उनले मानव अधिकारको विषय सभामा हुनु वा नहुनुको आधारमा व्याख्या गर्ने विषय नभएर विश्वव्यापी रहेको बताए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीकी प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले मानव अधिकारमैत्री कानुन निर्माण र समय सापेक्ष संशोधनमा ध्यान दिने बताइन् । महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएको समुदायलाई राज्यको मूलधारमा ल्याउने प्रयास भएको जानकारी दिँदै उनले नीति कार्यक्रम, बजेट तर्जुमा गर्दा मानव अधिकारको सवाललाई समेट्ने प्रयास भएको उल्लेख गरिन् ।

गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता कृष्णप्रसाद अधिकारीले नागरिक अधिकार र मौलिक हक कार्यान्वयनका लागि प्रभावकारी कार्यान्वयन गर्ने नयाँ ढंगले सोच्नुपर्ने बताए । उनले मानव अधिकार सबैका लागि समान रुपमा लागु हुने चर्चा गरे ।

गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले आयोगलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी सशक्त बनाउनुपर्ने प्रस्ताव गरे । भाडाको घरमा बस्ने आयोगलाई आफ्नै भवनको व्यवस्था गर्न सरकार समक्ष माग गर्दै उनले आयोग अन्तर्राष्ट्रिय समुदायको आँखा छल्न नबनाएको तर्क गरे ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक विना सिलवालले महिलाको सम्पत्तीमा समान अधिकार व्यवहारमा कार्यान्वयन नभएको दाबी गरिन् । उनले गास,बास कपास, शिक्षा स्वास्थ्यको अधिकार सुनिश्चित नभएको बताइन् । आयोगका मानव अधिकार अधिकृत मोहन काफ्लेले आयोग बलियो नभएसम्म मानव अधिकारको संरक्षण र सम्बर्द्धन हुन नसक्ने जानकारी दिए ।

'जीवन मर्यादा समानता र स्वतन्त्रताको अधिकार, दिगो शान्ति र समृद्धिको आधार' भन्ने नाराका साथ कार्यक्रम भएको हो । २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएकोमा आयोगको पोखरा कार्यालय २०६२ वैशाख २१ गतेदेखि सञ्चालनमा आएको हो ।

News: samadhandainik@gmail.com | www.samadhannews.com

समाधान राष्ट्रिय दैनिक (२०८१ जेठ १४ गते प्रकाशित सामग्रीहरू



२०८१ जेठ १४ गते सोमबार

'दुखमा अधिकार खोज्ने सुखमा उल्लंघन गर्ने मानवीय चरित्र होइन'

आदर्श समाज



समाधान

मानव अधिकार आयोगमा मात्र ४ उजुरी

आदर्श समाज राष्ट्रिय दैनिक (२०८१ जेठ १४ गते प्रकाशित) समाधान न्यूज डटकममा (२०८१ जेठ १४ गते प्रकाशित)

लिङ्क: https://www.samadhannews.com/2024/05/27/88173/

## अनुसूची ६ : आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराबाट सम्पादित कार्यहरूको झलक (तस्विरसहित)




आयोगको २४औं वार्षिकउत्सव समारोहमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारी लगायत सहभागीहरू




प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतसँग भेटघाट तथा छलफल




यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको मानव अधिकार सम्बन्धी छलफल कार्यक्रम पर्वत




मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यक्रमहरूको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम - पर्वत




मानव अधिकार संरक्षण र संवर्धनमा सरोकारवालासँगको समन्वय र सहकार्य विषयक छलफल कार्यक्रम









राष्ट्रिय मानव अधिकार आयोग, पोखरा कार्यालयमा नवनियुक्त कर्मचारीहरूको स्वागत कार्यक्रम




राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश, पोखरा कार्यालय र लुम्बिनी प्रदेश, बुटवल कार्यालयको संयुक्त अर्धवार्षिक समीक्षा कार्यक्रम, २०८० फागुन १८ र १९, पाल्पा



जेष्ठ नागरिकसँग बैठक - समन्वय कार्यक्रम



मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यक्रमहरूको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)



मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यक्रमहरूको अवस्थाको अनुगमनको सिलसिलामा म्याग्दी जिल्ला समन्वय प्रमुख तथा समन्वय अधिकारीसँग छलफल



रेडियो जननी ९०.६ मा यौन तथा प्रजनन् अधिकार विषयमा अन्तरर्वाता दिँदै आयोगका कार्यालय प्रमुख माया देवी शर्मा (दायाँ)



माननीय गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टसँग आयोगद्वारा गरिएको भेटघाट



आयोगको केन्द्रिय कार्यालयद्वारा आयोजित उजुरी व्यवस्थापन तथा अभिलेखीकरण प्रणाली (CMRS) सम्बन्धी तालिममा सहभागिहरु



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराको चौमासिक अर्धवार्षिक र वार्षिक योजना कार्यान्वयनको समीक्षा बैठक, २०८० फागुन २१



म्याग्दीमा मानव अधिकारको अवस्थाको बारेमा अनुगमनको क्रममा सहायक प्रमुख जिल्ला अधिकारीलाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्दै आयोगको टोली



अनिवार्य, नि:शुल्क तथा गुणस्तरीय शिक्षा अनुगमन, लम्जुङ



विकासमा मानव अधिकारमुखी पद्धति (HRBA) विषयक स्याङ्जाको वालिङ नपामा सम्पन्न गोष्ठीका सहभागीहरू